मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५
विज्ञापनको लागि सूचना
सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com


विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : ४७ ★ ने. सं. ११४६ चिल्ला गा, अष्टमी ★ बुधबार ★ २७ फागुन, २०८२ ★ March 11, 2026, Wednesday ★ मूल्य रु.५।– ★ पृष्ठ ८

## जनताको प्रजातन्त्रको सम्पूर्ण प्रक्रिया ‘१५ औँ पञ्चवर्षीय योजना’ को बलियो आधार




पेइचिङ, २६ फागुन (सीआरआई) । वार्षिक रूपमा आयोजित चीनका दुई अधिवेशन, जनताको प्रजातान्त्रिक प्रक्रियालाई नियाल्ने एउटा महत्त्वपूर्ण झ्याल हो । लगभग ५,००० जना प्रतिनिधिहरू र सदस्यहरू सबभन्दा आधारभूत तहको जनमत लिएर पेइचिङमा भेला भए, जसले आधारभूत तहका आवाजहरूलाई निर्णय गर्ने तहमा पुऱ्याए र सम्पूर्ण प्रक्रियामा जनताको प्रजातन्त्रको बलियो जीवन्तता प्रदर्शन गरे ।

जनताको लोकतन्त्रको सम्पूर्ण प्रक्रिया शासनका विभिन्न पक्षहरूमार्फत चल्छ ताकि जनता आफ्नै मामिलाको मालिक हो भन्ने सुनिश्चित गरिन्छ । यी दुई अधिवेशनमार्फत जनताले विकासको खाका मात्र कोरेका होइनन् बरु ‘सबैभन्दा व्यापक, वास्तविक र प्रभावकारी’ प्रजातन्त्रको अनुभूति पनि गर्छन् ।

राम्रो प्रजातन्त्रको जरा धर्तीमा छ । चिनियाँ जनकाङ्ग्रेसका पाँच तहका करिब ९५ प्रतिशत प्रतिनिधिहरू आधारभूत तहबाट आउँछन् र उनीहरू जनताको चाहना र मागलाई सबभन्दा माथिल्लो तहसम्म पुऱ्याइदिन्छन्; यो नै सबैभन्दा ठूलो हदसम्म जनता देशका मालिक हुन् भन्ने महसुस गर्छन् ।

राम्रो प्रजातन्त्रले वास्तविक जनमतलाई आत्मसात गर्छ । ‘१५ औँ पञ्चवर्षीय योजना’ नेटवर्क आधारित राय सुझाव लिने कार्यक्रमले ३१.१ लाख सुझावहरू प्राप्त गर्यो र १५०० भन्दा बढी सुधार प्रस्तावहरू समाहित गरियो । दुई अधिवेशनको दौरान, ३ वटा महत्त्वपूर्ण कानुनहरूले ध्वनि नियन्त्रणजस्ता मानिसहरूको जीविकोपार्जनको चिन्तालाई सटिक रूपमा प्रतिक्रिया दिए । यस्तो तरिकाबाट जनताको इच्छालाई विधिको शासनको ग्यारेन्टीमा रूपान्तरण गरिएको छ ।

राम्रो प्रजातन्त्रले समस्याको समाधान साँच्चिकै गर्न सक्छ । प्रतिनिधिहरूको सुझावहरूमा समयमै प्रतिक्रिया दिइन्छ र सरकारी कार्य प्रतिवेदनमा प्रतिबिम्बित भएको छ । सुझावहरूको जवाफ दिने पूर्णता दर उच्च रह्यो । चिनियाँ जनताको सरकारप्रति विश्वास र आशावाद विश्वमा पहिलो स्थानमा छ । जनताको प्रजातन्त्रको सम्पूर्ण प्रक्रियाले चिनियाँ शैलीको आधुनिकीकरणका लागि संस्थागत ग्यारेन्टी मात्र प्रदान गर्दैन, विकासोन्मुख देशहरूका लागि पनि उपयोगी सन्दर्भ प्रदान गर्दछ ।

‘१५ औँ पञ्चवर्षीय योजना’ को प्रारम्भमा उच्च-स्तरको डिजाइन र जनतासँग परामर्श गर्ने एकताको पालना गर्दै जनताको प्रजातन्त्रको सम्पूर्ण प्रक्रियालाई पुनर्जीवित गरिँदै जानेछ । विश्वलाई प्रेरणा प्रदान गर्ने विश्वास गरिएको छ ।

अन्तर्राष्ट्रिय व्यक्तित्वद्वारा चीनका दुई अधिवेशनको सकारात्मक मूल्याङ्कन

चीनका दुई अधिवेशनले अन्तर्राष्ट्रिय समाजको उच्च ध्यानाकर्षण पाएका छन् ।

धेरै अधिकारी, विशेषज्ञ तथा विद्वान, मिडियाकर्मीले चाइना मिडिया ग्रुपका पत्रकारलाई अन्तर्वार्ता दिँदै विश्वको परिवर्तित परिस्थितिमा चीन स्थिर रूपमा अगाडि जाने, शान्तिपूर्ण विकास गर्ने, विश्वलाई लाभ दिने सकारात्मक सङ्केत जारी गरेको कुरा बताएका छन् ।

श्रीलङ्काली कम्युनिष्ट पार्टीका अध्यक्ष वीरासुमना वीरासिङ्घेले चीनले सन् २०२५को निर्धारित विकास लक्ष्य साकार तुल्याएकोमा उच्च मूल्याङ्कन गर्नुभयो, जटिल र गम्भीर स्वदेशी तथा विदेशी परिस्थितिमा हासिल गरेको उल्लेखनीय उपलब्धि भएको कुरामा जोड दिनुभयो ।

पाकिस्तानी प्रसिद्ध राजनीतिज्ञ तथा अर्थशास्त्री शाकील रामेले पन्धौँ पञ्चवर्षीय योजनाले चीनको भावी विकासको दिशानिर्देश गरेको कुरा व्यक्त गर्नुभयो ।

बङ्गलादेशका सरकारी अधिकृत एवम् शिक्षाविज्ञ मोहम्मद सैफुल इस्लामले चीनले व्यवसायिक तालिमको प्रबर्द्धन, डिजिटल शिक्षाको विकास, अन्तर्राष्ट्रिय वरिष्ठ व्यक्तिको आदानप्रदान आदि विषयहरूमाथि ध्यान दिएको बताउनुभयो । उहाँले चीनले बङ्गलादेशसँग छात्रवृत्ति, संयुक्त प्रशिक्षण,

***बाँकी पृष्ठ ८ मा***

## प्रधानन्यायाधीशका लागि संवैधानिक परिषद्मा ६ न्यायाधीशको नाम सिफारिस

काठमाडौँ, २६ फागुन । सर्वोच्च अदालतको भावी प्रधानन्यायाधीशका लागि न्याय परिषद्ले संवैधानिक परिषद्मा ६ जना न्यायाधीशको सूची पठाएको छ । परिषद्ले योग्यता पुगेका ६ जना न्यायाधीशको नाम सिफारिस गर्दै परिषद्मा पठाएको हो ।

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत ६५ वर्षे उमेरहदका कारण आउँदो चैत १८ गतेदेखि अवकाशमा जान लागेपछि उक्त पदका निम्ति सर्वोच्चकी वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्लसहित कुमार रेग्मी, डा. हरिप्रसाद फुयाल, डा.मनोजकुमार शर्मा, डा. नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठको नाम सचिवालयमा पठाएको परिषद् स्रोतले जानकारी दिएको छ ।

संविधानको धारा १२९ मा नेपालको प्रधानन्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशको नियुक्ति र योग्यतासम्बन्धी व्यवस्था रहेको छ । उक्त व्यवस्थाको उपधारा २ अनुसार प्रधानन्यायाधीशको र न्याय परिषद्को सिफारिसका आधारमा संवैधानिक परिषद्को सिफारिसअनुसार सर्वोच्च अदालतका अन्य न्यायाधीशको नियुक्ति राष्ट्रपतिबाट हुनेछ ।

त्यसैगरी उपधारा ३ मा सर्वोच्च अदालतको न्यायाधीश पदमा कम्तीमा तीन वर्ष काम गरेको व्यक्ति प्रधानन्यायाधीशको पदमा नियुक्ति हुन योग्य हुने उल्लेख छ । उक्त उपधाराअनुसार नै तीन वर्ष अवधि पुगेका सबैको नाम परिषद्ले पठाएको हो ।

न्याय परिषद्ले रोस्टर पठाएपछि प्रधानमन्त्री नेतृत्वको संवैधानिक परिषद्ले बैठक बसेर भावी प्रधानन्यायाधीशको नाम सिफारिस गर्नेछ । त्यसपछि सिफारिस नाम संसदीय सुनुवाइका निम्ति सङ्घीय संसद्मा पठाइनेछ । संसद्मा नाम गएपछि सुनुवाइ समितिले सार्वजनिक उजुरी आह्वान गर्छ । सुनुवाइ प्रक्रिया सुरु हुन्छ । सुनुवाइ समितिबाट नाम अनुमोदन भएपछि मात्र राष्ट्रपतिले प्रधानन्यायाधीशमा नियुक्त गर्ने संवैधानिक व्यवस्था छ ।

संविधानको धारा २८४ को उपधारा ३ मा ‘संवैधानिक परिषद्ले प्रधानन्यायाधीश वा संवैधानिक निकायका कुनै प्रमुख वा पदाधिकारीको पद रिक्त हुनुभन्दा एक महिना अगावै यस संविधानबमोजिम नियुक्तिका लागि सिफारिस गर्नुपर्नेछ’ भनिएको छ ।

सोही धारामा ‘तर मृत्यु भई वा राजीनामा दिई त्यस्तो पद रिक्त भएको अवस्थामा रिक्त भएको मितिले एक महिनाभित्र पदपूर्ति हुने गरी नियुक्तिका लागि सिफारिस गर्न सक्नेछ’ भनिएको छ । संविधानले तोकेको समयसीमाभित्र प्रधानन्यायाधीश नियुक्तिको सिफारिस हुन सकेको छैन ।

संविधानको धारा २८४ को उपधारा ३ मा रहेको व्यवस्था कार्यान्वयनमा आउन नसकेको हो । संवैधानिक परिषद्ले एक महिनाअघि सिफारिस गर्नुपर्ने संविधानको सीमा नाघेको र अझै ढिलाइ गरेमा फेरि एक पटक न्यायालय कामुको हातमा पुग्ने देखिन्छ ।

यसअघि तीन पटक न्यायालय लामो समयसम्म कायममुकायमको भरमा सञ्चालन भएको थियो । दामोदर शर्मा, दीपककुमार कार्की र हरिकृष्ण कार्कीले लामो समय कामु चलाउनुभयो । यो पटक जेन-जी आन्दोलनपछि बनेको नयाँ सांसदको शपथ टुङ्गो नलागिसकेकोले प्रधानन्यायाधीश नियुक्तिमा ढिलाइ हुने देखिएको छ ।

नेपालको संविधानको धारा १२९ को उपधारा (३) मा सर्वोच्च अदालतको न्यायाधीश पदमा कम्तीमा तीन वर्ष काम गरेको व्यक्ति प्रधानन्यायाधीशमा नियुक्त हुन योग्य हुने उल्लेख छ ।

सोही धाराको उपधारा ५ मा “सर्वोच्चमा नियुक्तिका लागि कानुनमा स्नातक उपाधि प्राप्त गरी उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा कम्तीमा पाँच वर्ष काम गरेको वा कानुनमा स्नातक उपाधि प्राप्त गरी वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतमा कम्तीमा १५ वर्ष निरन्तर वकालत गरेको वा कम्तीमा १५ वर्षसम्म न्याय वा कानुनको क्षेत्रमा निरन्तर काम गरी विशिष्ट कानुनविद्को रूपमा ख्याति प्राप्त गरेको वा न्याय सेवाको राजपत्राङ्कित प्रथम श्रेणी वा सोभन्दा माथिल्लो पदमा कम्तीमा १२ वर्ष काम गरेको नेपाली नागरिक सर्वोच्च अदालतको न्यायाधीशको पदमा नियुक्तिका लागि योग्य मानिनेछ” भनिएको छ ।

## सियोल–वासिङ्टन सैन्य अभ्यासप्रति प्रजग कोरियाको कडा चेतावनी



सियोल, १० मार्च (एएफपी) । प्रजातान्त्रिक जनगणतन्त्र कोरियाका सर्वोच्च नेता किम जोङ उनकी बहिनी एवम् प्रभावशाली नेतृ किम यो जोङले दक्षिण कोरिया र संयुक्त राज्य अमेरिकाले सुरु गरेको संयुक्त सैन्य अभ्यासले ‘अकल्पनीय रूपमा भयानक परिणाम’ निम्त्याउन सक्ने चेतावनी दिनुभएको छ ।

मङ्गलबार सार्वजनिक गरिएको वक्तव्यमा उहाँले सियोल र वासिङ्टनले सञ्चालन गरिरहेको वार्षिक सैन्य अभ्यासलाई गम्भीर उक्साहटका रूपमा व्याख्या गर्दै यसले कोरियाली प्राय:द्वीपमा थप तनाव निम्त्याउने बताउनुभयो ।

दक्षिण कोरिया र अमेरिकाले सोमबारदेखि आफ्नो वसन्तकालीन सैन्य अभ्यास ‘फ्रिडम सिल्ड’ सुरु गरेका छन् । यो अभ्यास मार्च १९ सम्म सञ्चालन हुने बताइएको छ । दक्षिण कोरियाका करिब १८ हजार सैनिक यसमा सहभागी हुने जानकारी दिइएको छ, तर कति अमेरिकी सैनिक सहभागी छन् भन्ने विवरण भने सार्वजनिक गरिएको छैन ।

सन् १९५०-५३ को कोरियाली युद्धपछि युद्धकै अवस्थामा रहेको कोरियाली प्राय:द्वीपमा प्रजग कोरियाले यस्ता संयुक्त सैन्य अभ्यासहरूलाई लामो समयदेखि आफ्नो देशमाथि आक्रमण गर्ने तयारीको अभ्यासका रूपमा आरोप लगाउँदै आएको छ ।

किम यो जोङको भनाइ प्योङयाङस्थित सरकारी सञ्चार माध्यम कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसीएनए) ले उद्धृत गरेको हो । उहाँले यस्तो अभ्यासले ‘अकल्पनीय रूपमा भयानक परिणाम निम्त्याउन सक्ने’ चेतावनी दिँदै क्षेत्रीय सुरक्षामा थप अस्थिरता आउन सक्ने सङ्केत गर्नुभयो ।

उहाँ हालै प्रजग कोरियाको सत्तारूढ वर्कर्स पार्टीको सामान्य मामिला विभागको प्रमुख पदमा पदोन्नति हुनुभएको छ ।

उहाँको प्रतिक्रिया त्यतिबेला आएको हो जतिबेला उहाँका दाजु सर्वोच्च नेता किम जोङ उनले हालै सियोलले अघि सारेका शान्ति पहलहरूलाई ‘असङ्गत भ्रामक प्रहसन’ भन्दै अस्वीकार गर्नुभएको थियो । उहाँले प्रजग कोरियाको दक्षिण कोरियासँग ‘कुनै व्यापारिक लेनदेन छैन’ भन्ने धारणा पनि व्यक्त गर्नुभएको थियो ।

किम यो जोङले संयुक्त सैन्य अभ्यासलाई विश्वव्यापी अस्थिरताको संवेदनशील समयमा भइरहेको कदमका रूपमा चित्रण गर्नुभएको छ ।

उहाँले अहिलेको अवस्था ‘अन्तर्राष्ट्रिय बदमाहहरूको लापरवाह कार्य’ का कारण सिर्जना भएको आरोप लगाउनुभयो ।

प्योङयाङले हालै इरानमाथि अमेरिका र इजरायलले गरिरहेको आक्रमणलाई पनि ‘अवैध आक्रमण’ भन्दै कडा शब्दमा निन्दा गरेको छ । प्रजग कोरियाले त्यस घटनाले अमेरिकाको ‘दुष्ट प्रकृति’ उजागर गरेको दाबी गरेको छ ।

प्रजग कोरिया र संयुक्त राज्य अमेरिका दशकौँदेखि राजनीतिक र सैन्य रूपमा विरोधी रहेका छन् ।

### व्यङ्ग्यचित्रको कुनो





**अन्तर्राष्ट्रिय महिला न्यायाधीश दिवस कार्यक्रममा सहभागी**

सर्वोच्च अदालतले मङ्गलबार काठमाडौँको प्रदर्शनीमार्गस्थित नेपाल पुलिस क्लबमा अन्तर्राष्ट्रिय महिला दिवस तथा महिला न्यायाधीश दिवसको अवसरमा आयोजित कार्यक्रममा सहभागीहरू । *तस्बिरः किरणराज विष्ट/रासस*

# चर्चित पार्टी नेताहरूको समेत उम्मेदवारी जमानत जफत

काठमाडौँ, २६ फागुन । यही फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा मलुकका विभिन्न सात जिल्लाका ४९३ जना उम्मेदवारको जमानत जफत भएको छ ।

हाम्रा समाचारदाताहरूका अनुसार काठमाडौँका १० वटा निर्वाचन क्षेत्रका २२६ जना उम्मेदवारको जमानत जफत भएको जिल्ला निर्वाचन कार्यालयका निर्वाचन अधिकारी ठाकुरप्रसाद भट्टराईले जानकारी दिनुभयो ।

काठमाडौँ क्षेत्र १ मा एमालेका उम्मेदवार मोहनराज रेग्मीसहित २६, क्षेत्र नं २ मा राममणि फुयाँलसहित २५, क्षेत्र नं ३ मा एमालेका उम्मेदवार रामेश्वर फुयाँलसहित १९, क्षेत्र नं ४ मा २५ जना उम्मेदवारको जमानत जफत भएको हो ।

यसैगरी, काठमाडौँ क्षेत्र नं ५ मा एमालेका उम्मेदवार ईश्वर पोखरेलसहित २२ जनाको जमानत जफत भएको छ । काठमाडौँ क्षेत्र नं ६ मा १७, क्षेत्र नं ७ मा २६, क्षेत्र नं ८ मा २१, क्षेत्र नं ९ मा २२ र क्षेत्र नं १० मा २३ जना उम्मेदवारको जमानत जफत भएको हो । प्रतिनिधिसभा सदस्य उम्मेदवार बनेका उनीहरूले धरौटीबापत रु. १० हजार निर्वाचन कार्यालयमा बुझाएका थिए ।

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७१ (१) बमोजिम कुल सदर मतको १० प्रतिशत मत प्राप्त गर्न नसक्नेले धरौटीबापत बुझाएको रकम जफत गरिन्छ ।

यसैगरी, कास्की-१ मा १४, कास्की-२ मा १४ र कास्की-३ मा १२ जना उम्मेदवारको धरौटी जफत भएको जिल्ला निर्वाचन कार्यालयलाई उद्धृत गर्दै पोखराबाट हाम्रा स्थानीय प्रतिनिधिले जनाएका छन् ।

दाङस्थित रासस प्रतिनिधिका अनुसार दाङमा ५१ जना उम्मेदवारको जमानत जफत भएको छ । प्रदेश निर्वाचन कार्यालयका सूचना अधिकारी गेहेन्द्र कुँवरका अनुसार दाङ क्षेत्र नं.१ मा नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार मेटमणी चौधरी, एमालेका उम्मेदवार रेवतीरमण शर्मा, स्वतन्त्र उम्मेदवार कुलप्रसाद केसीसहित १२ जना उम्मेदवारको जमानत जफत भएको छ ।

एमालेबाट दाङ १ मा उम्मेदवार बन्नुभएका रेवतीरमण शर्मा, लुम्बिनी प्रदेशका पूर्वमुख्यमन्त्री कुलप्रसाद केसीसहित सोही निर्वाचन क्षेत्रका १२ जनाको जमानत जफत भएको छ ।

त्यसैगरी, क्षेत्र नं २ मा २० जनाको जमानत जफत भएको छ ।

यसैगरी, इलाममा १८ जनाको धरौटी जफत भएको छ । दुईवटा निर्वाचन क्षेत्र रहेको इलाममा पहिलो हुने निर्वाचित हुने प्रणालीअन्तर्गत क्षेत्र नं १ मा १३ उम्मेदवारमध्ये आठ र क्षेत्र नं २ मा १४ उम्मेदवारमध्ये एक स्वतन्त्रसहित १० जनाको जमानत जफत भएको हो ।

यसैगरी, क्षेत्र नं २ मा १० जनाको जमानत जफत भएको छ ।

यसैगरी, हाम्रा भोजपुर समाचारदाताले सम्प्रेषण गरेका समाचारअनुसार सात जना उम्मेदवारको जमानत जफत छ । बागलुङ क्षेत्र नम्बर १ मा राष्ट्रिय जनमोर्चासहित आठ उम्मेदवारको जमानत जफत भएको छ ।

राष्ट्रिय जनमोर्चा केन्द्रीय अध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री चित्रबहादुर केसीले समेत जमानत जोगाउन नसक्नुभएको सहायक निर्वाचन अधिकृत पूर्णप्रसाद शर्माले जानकारी दिनुभयो ।

रूपन्देहीस्थित रासस प्रतिनिधिका अनुसार १४३ उम्मेदवारको जमानत जफत भएको छ भने ललितपुरबाट हाम्रा स्थानीय समाचारदाताले जनाएअनुसार ६३ जना उम्मेदवारको धरौटी जफत भएको छ ।

उक्त जिल्लामा राजनीतिक दलका ४० र २३ जना स्वतन्त्र उम्मेदवारको जमानत जफत भएको ललितपुरका मुख्य निर्वाचन अधिकृत पुनाराम खनालले जानकारी दिनुभएको छ । ***(रासस)***

# ताथलीमा बढ्दो माटो दोहनबारे नगरपालिकालाई ज्ञापनपत्र

भक्तपुर, २६ फागुन । चाँगुनारायण नगरपालिका-९ ताथलीका स्थानीय बासिन्दाहरूले बढ्दो माटो दोहन, वातावरणीय असर तथा सडक क्षतिको विषयमा ध्यानाकर्षण गराउँदै चाँगुनारायण नगरपालिकालाई ज्ञापनपत्र बुझाएका छन् ।

स्थानीय बासिन्दाहरूले हाल ताथलीका विभिन्न स्थानमा अनियन्त्रित रूपमा भइरहेको माटो उत्खनन तथा ओसारपसारका कारण वातावरणीय सन्तुलन बिग्रँदै गएको, भूक्षय तथा पहिरोको जोखिम बढेको र बस्तीको सुरक्षामाथि खतरा उत्पन्न भएको उल्लेख गरेका छन् ।

ज्ञापनपत्रमा विशेषगरी तख्योचा, तधचाः क्षेत्रबाट रातिराति माटो दोहन भइरहेको र साखकर्मी टोल, राउत टोल, इथाचा तथा चुनदेवी आसपासका क्षेत्रमा समेत माटो उत्खनन तथा ओसारपसार व्यापक रूपमा भइरहेको उल्लेख गरिएको छ । यसले स्थानीय वातावरणमा नकारात्मक प्रभाव पार्नुका साथै सडक तथा सार्वजनिक पूर्वाधारमा पनि क्षति पुगेको स्थानीयहरूको भनाइ छ ।

केही समयअघि नगरपालिका तथा सरोकारवालाको पहलमा फैढोका-सौडोल-न्हेम्हाफुकी-खड्का हुँदै बुढाथोकी टोलसम्म जाने सडकमा कालोपत्रे गरिएको भए पनि अत्यधिक भार बोकेका टिपर र ट्रकहरूको निरन्तर आवतजावतका कारण सडकको कालोपत्रे बिग्रिन थालेको स्थानीयहरूले बताएका छन् ।

ज्ञापनपत्र बुझाउन गएको स्थानीय टोलीमा सहभागी हरिसुन्दर छुकांले नगर प्रमुख जीवन खत्रीलाई ज्ञापनपत्र बुझाउँदै




माटो उत्खनन र दोहनमा सहभागीहरूले नगरपालिकाको नीतिगत कमजोरीको फाइदा उठाएकाले तत्काल नगरपालिकाको ध्यानाकर्षण हुनुपर्ने बताउनुभयो ।

पाँचबुँदे ज्ञापनपत्रमा ताथलीका विभिन्न सडकको क्षमताभन्दा भारी सवारी साधन अत्यधिक गुड्दा धुलो, धुवाँ तथा ध्वनि प्रदूषण बढेको र साँघुरा सडकमा सवारी साधन सञ्चालन हुँदा दुर्घटनाको जोखिम बढेको स्थानीयको गुनासो छ । यसले स्थानीय बासिन्दा, विद्यार्थी तथा सर्वसाधारणको दैनिक आवतजावतमा समस्या सिर्जना गरेको उनीहरूको भनाइ छ ।

स्थानीय बासिन्दाहरूका अनुसार यस विषयमा नगरपालिका, नगर प्रहरी तथा सम्बन्धित निकायलाई मौखिक रूपमा पटक-पटक जानकारी गराए पनि हालसम्म प्रभावकारी कदम चालिएको छैन ।

स्थानीय एवम् चाँगुनारायण नगरपालिका वडा नं. ९ का वडा सदस्य रविन बासुकलाले भने, "नगरपालिकाले यो विषयलाई समयमै ध्यान नदिँदा जनप्रतिनिधिले स्थानीयको धेरै गुनासो सुन्नु परेको छ । स्थानीय पीडित बनेका छन् ।"

यसै सन्दर्भमा स्थानीयहरूले ताथली क्षेत्रमा भइरहेको माटो दोहनको तत्काल अनुगमन गरी मापदण्ड लागू गर्न, अनियमित उत्खनन नियन्त्रण गर्न, अत्यधिक भार बोकेका सवारी साधनमा तौल सीमा कडाइका साथ लागू गर्न तथा क्षतिग्रस्त सडकको तत्काल मर्मत गर्न माग गरेका छन् ।

त्यसैगरी स्थानीय बस्ती तथा विद्यालय आसपास दुर्घटना न्यूनीकरणका लागि आवश्यक ट्राफिक व्यवस्थापन, सङ्केत चिह्न राख्ने तथा वातावरणीय प्रभावलाई ध्यानमा राख्दै माटो दोहनसम्बन्धी स्पष्ट नीति तथा नियमन लागू गर्न पनि उनीहरूले नगरपालिकासँग माग गरेका छन् ।

स्थानीय बासिन्दाहरूले सार्वजनिक पूर्वाधारको संरक्षण, वातावरणीय सन्तुलन र बस्तीको सुरक्षालाई ध्यानमा राख्दै नगरपालिकाले यस विषयमा छानबिन गरी शीघ्र आवश्यक कदम चाल्ने विश्वास व्यक्त गरेका छन् ।

ज्ञापनपत्र बुझ्दै नगर प्रमुख खत्रीले माटो उत्खनन र त्यसले पुगेको हानिबारे नगरपालिकाको ध्यानाकर्षण भएको बताउनुभयो । उहाँले सो समस्या समाधानका लागि स्थलगत अनुगमन गर्ने र अवैध माटो उत्खननलाई नियन्त्रण गर्न संयन्त्र बनाउने बताए । उनले नगरपालिकाका जनप्रतिनिधि, प्रहरी, नगर प्रहरी, प्रशासन कार्यालयका प्रतिनिधि र सरोकारवालाको सहभागितामा संयन्त्र बनाएर माटो उत्खनन र त्यसले उत्पन्न गरेको समस्या समाधान गर्ने विश्वास दिलाउनुभयो ।

# सिरहामा ग्यास अभावको बहानामा कालोबजारी

सिरहा, २६ फागुन । जिल्लामा खाना पकाउने एलपी ग्यासको अभाव देखाउँदै केही बिक्रेताले कालोबजारी गर्न थालेका जनगुनासो बढेको छ । उपभोक्ता र व्यवसायीले निर्धारण गरिएको मूल्यभन्दा दोब्बरभन्दा बढी रकम तिर्नुपर्ने अवस्था आएको पीडितले बताएका छन् ।

लहानस्थित महराजा रेस्टुरेन्ट एण्ड होटेलका सञ्चालक पिन्टु राउतका अनुसार ग्यास अभावको मौका छोपेर पसलेहरूले अत्यधिक मूल्य असुल्न थालेका हुन् । "दुई थान ग्यास लिन जाँदा प्रतिसिलिन्डर चार हजार ५०० रूपैयाँ मागियो", उहाँले भन्नुभयो, "निर्धारित मूल्यमा दुई सिलिन्डरको तीन हजार ८२० रूपैयाँ पर्नुपर्ने हो । नौ हजार रूपैयाँ भनेपछि कसरी तिर्नु ? त्यसपछि रित्तै हात फर्किनुपर्‍यो ।"

सिरहा नगरपालिका-६ मा चियानास्ता पसल सञ्चालन गर्दै आएका प्रमोद यादवले पनि निर्धारण गरिएको मूल्यमा ग्यास नपाउँदा व्यवसाय चलाउन कठिन भएको बताउनुभयो । "सिलिन्डर किन्दा चार हजार ५०० रूपैयाँ तिर्नुपर्छ", उहाँले भन्नुभयो, "त्यति महँगोमा किनेर कसरी खर्च धान्नु ? अब खाना पनि खान नसकिने अवस्था आउला कि भन्ने चिन्ता बढेको छ ।"

खाना पकाउने ग्यासको खुद्रा मूल्य प्रतिसिलिन्डर एक हजार ९१० रूपैयाँ रहेको छ । तर बजारमा भने त्यसको दोब्बरभन्दा बढी मूल्यमा बिक्री भइरहेको उपभोक्ताको गुनासो छ ।

उपभोक्ता अधिकारकर्मीले ग्यासको कृत्रिम अभाव सिर्जना गरेर कालोबजारी भइरहेको हुनसक्ने भन्दै सम्बन्धित निकायलाई तुरुन्त अनुगमन गर्न आग्रह गरेका छन् । जिल्ला प्रशासन कार्यालय सिरहाले कालोबजारी गर्नेविरुद्ध कारबाही गरिने चेतावनी दिएको सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले जानकारी दिनुभयो ।

कालोबजारी कानुनविपरीत काम भएकाले कोही दोषी पाइए कारबाही हुने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "हामी वाणिज्य कार्यालय र सम्बन्धित निकायसँग समन्वय गरेर बजार अनुगमन गर्नेछौँ, कालोबजारी गरेको पाइए कानुनबमोजिम कारबाही हुन्छ ।"

# अवैध भन्सार छलेर ल्याइएका सामग्री नियन्त्रणमा

सिद्धार्थनगर (भैरहवा), २५ फागुन । रूपन्देहीका विभिन्न स्थानबाट प्रहरीले अवैध रूपमा भन्सार छली गरी ल्याइएका रु. छ लाखभन्दा बढी मूल्यका सामान बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालयबाट खटिएको टोलीले जिल्लाका विभिन्न स्थानमा जाँच गर्ने क्रममा अन्दाजी रु. ६ लाख २९ हजार २०० बराबरका विभिन्न सामान नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक जनकबहादुर शाही जानकारी दिनुभयो ।

उहाँका अनुसार बरामद गरिएको सामान आवश्यक कारबाहीका लागि पशु क्वारेन्टाइन कार्यालय भैरहवा तथा भन्सार कार्यालय बेलहियामा पठाइएको छ । ओमसतिया गाउँपालिका-४ बसन्तपुरबाट अन्दाजी रु. एक लाख २४ हजारबराबरको करिब २० क्विन्टल काँचो केरा बरामद गरिएको छ । त्यसैगरी शुद्धोधन गाउँपालिका-३ पूर्व मैनहिया नयाँबस्तीबाट रु. २७ हजारबराबरको १८० जोर लेडिज चप्पल नियन्त्रणमा लिइएको छ ।

मायादेवी गाउँपालिका-६ खल्बटबाट रु. ७२ हजार ५०० बराबरका एल्बो सकेट १४१ थान, मोबिल ८.५ लिटर, कुरकुरे एक बोरा र सर्फ एक बोरा बरामद गरिएको प्रहरीले जनाएको छ ।

देवदह नगरपालिका-४ केरवानीबाट दुईवटा मोटरसाइकल प्रयोग गरी ल्याइँदै गरेको करिब १३० केजी ब्रोइलर कुखुरा बरामद गरिएको छ । उक्त कुखुराको मूल्य अन्दाजी रु. १ एक लाख २२ हजार रहेको छ । यस्तै रोहिणी गाउँपालिका-३ लखनौटियाबाट रु. २२ हजार १०० बराबरको तेल, बिस्कुट, स्प्राइट, सलाइ तथा अन्य किराना सामग्री बरामद गरिएको छ । कोटहीमाई गाउँपालिका-३ प्रसियाघाटबाट दुईवटा मोटरसाइकल प्रयोग गरी ल्याइँदै गरेको बिस्कुट पाँच कार्टुन, चिनी एक बोरा र मैदा दुई बोरा बरामद गरिएको छ, जसको मूल्य अन्दाजी रु. एक लाख ११ हजार ६०० रहेको छ ।

त्यसैगरी सिद्धार्थनगर नगरपालिका-३ बुद्धकोलोनीबाट रु. एक लाख ५० हजारबराबरका बेबी सेट ३०० थान, बेबी भेस्ट ४०० थान तथा फलामको चेन पाँच थान बरामद गरिएको छ । जिल्ला प्रहरी कार्यालय रूपन्देहीका प्रवक्ता कृष्णकुमार चन्दले बरामद गरिएका सामान सम्बन्धित निकायमा पठाइ आवश्यक कानुनी प्रक्रिया अगाडि बढाइएको जानकारी दिनुभयो । ***(रासस)***

**हार्दिक समवेदना**



जन्म : २००७।०६।११
निधन : २०८२।११।२४

यस संस्थाका सदस्य नं. १५८२ का सदस्य **बिकुलाल लुबन्जार**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**श्वेत भैरव बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-८, जैंला, भक्तपुर

## सङ्क्षिप्त समाचार

## जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग

काठमाडौँ, २६ फागुन । जवाफदेहिता निगरानी समितिले गत 'भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोग' प्रतिवेदन तत्काल सार्वजनिक गर्न माग गरेको छ । समितिले आयोगको समग्र प्रतिवेदन सार्वजनिक गरी पीडित समुदाय, नागरिक समाज, मिडियालगायत आम नागरिकको सुसूचित हुन पाउने अधिकारको सम्मान गर्न माग गरेको हो ।

समितिका संयोजक राजुप्रसाद चापागाईंले मङ्गलबार प्रेस विज्ञप्ति जारी गरी उक्त आयोगको प्रतिवेदन तत्काल सार्वजनिक गर्न माग गर्नुभएको हो ।

विज्ञप्तिमा भनिएको छ, "प्रतिवेदन सार्वजनिक गर्ने वा नगर्ने भन्ने कुरा सरकारको तजबिजको विषय होइन प्रतिवेदनबारे जानकारी पाउने आम नागरिकको संविधानप्रदत्त अधिकार हो भने छानबिन प्रतिवेदनलाई यथाशीघ्र सार्वजनिक जानकारीमा ल्याउनु सरकारको दायित्व हो ।" ***(रासस)***

## पर्साबाट दुई सय तेह्र किलो गाँजा बरामद

काठमाडौँ, २६ फागुन । प्रहरीले पर्सा जिल्लाको जिराभवानी गाउँपालिका-४ पशुबजार नजिकबाट सोमबार करिब २१३ किलो गाँजा बरामद गरेको छ ।

इलाका प्रहरी कार्यालय पटेर्वा सुगौली समेतबाट खटिएको प्रहरीलाई देख्नासाथ सुपौली बजारबाट जगरनाथपुरतर्फ आउँदै गरेको मे.१ त ५७१४ नम्बरको ट्याक्टर छोडी चालक फरार भएका थिए । प्रहरीले उक्त ट्याक्टर तलासी गर्दा २२ वटा प्लाष्टिकको पोकामा रहेको उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो । प्रहरीले हाल फरार ट्याक्टर चालकको खोजी गर्नाका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ । ***(रासस)***

## रुकुम पश्चिममा दुई किशोरीको शव फेला, एक किशोरी बेपत्ता

त्रिवेणी (रुकुम पश्चिम), २६ फागुन । रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका-३ भाग्ले नजिकै सानीभेरी नदीमा मङ्गलबार दुई किशोरीको शव फेला परेको छ । उनीहरूसँगै गएकी एक किशोरी भने बेपत्ता भएकी छन् । बेपत्ता किशोरीको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । बाँफिकोट गाउँपालिका-३ गरालागोठकी १४ वर्षीया उर्मिला ओली र सोही स्थानकी १२ वर्षीया कल्पना ओलीको शव भाग्ले नजिकै सानीभेरी नदी किनारामा फेला परेको जिल्ला प्रहरीका प्रहरी निरीक्षक हरिप्रसाद पुनले जानकारी दिनुभयो ।

उहाँका अनुसार १२ वर्षीया सपना ओलीको खोजी भइरहेको छ । उर्मिला र कल्पनाको ५०० मिटर दूरीको अन्तरमा शव फेला परेको हो । उनीहरू हिजो छिमेकीको विवाहमा गएका थिए । घर फर्किने क्रममा नदीले बगाएको हुनसक्ने प्रहरीले अनुमान गरेको छ ।

घटनास्थलमा प्रहरी निरीक्षक पुनसहितको प्रहरी टोली र अस्थायी प्रहरी पोष्ट छिनखेतबाट प्रहरी टोली पुगेको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरी निरीक्षक पुनले जानकारी दिनुभयो । ***(रासस)***

## निर्वाचन सफलतापूर्वक सम्पन्न भएकोमा पाकिस्तानद्वारा बधाई

काठमाडौँ, २६ फागुन । पाकिस्तानले आमनिर्वाचन सफलतापूर्वक सम्पन्न भएकोमा नेपाली जनता र नेपाल सरकारलाई बधाई दिएको छ ।

यहाँस्थित पाकिस्तानी दूतावासका अनुसार पाकिस्तानका उपप्रधानमन्त्री तथा विदेशमन्त्री इशाक दरले एक सन्देशमार्फत नेपाल सरकार र नेपाली जनताप्रति हार्दिक बधाई ज्ञापन गर्नुभएको हो ।

पाकिस्तानले नेपालसँगको भ्रातृपूर्ण सम्बन्धलाई अत्यन्त महत्व दिने उल्लेख गर्दै उहाँले दुई देशबिचको दीर्घकालीन मित्रतालाई अझ सुदृढ बनाउने विश्वास व्यक्त गर्नुभएको छ । पाकिस्तानका उपप्रधानमन्त्रीले आफ्ना समकक्षी तथा नेपालमा बन्ने नयाँ सरकारसँग नजिकबाट सहकार्य गर्दै द्विपक्षीय सहयोगका नयाँ क्षेत्रहरू विस्तार गर्ने तथा क्षेत्रीय शान्ति र समृद्धि प्रवर्द्धनका लागि मिलेर काम गर्ने सन्देशमा उल्लेख गर्नुभएको छ । ***(रासस)***

## निर्वाचनका कारण रोकिएको बजार अनुगमन सुरु

काठमाडौँ, २६ फागुन । प्रतिनिधिसभाको निर्वाचनका कारण रोकिएको नियमित बजार अनुमगन पुनःसुरु भएको छ । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले कानुन कार्यान्वयन गराउने उद्देश्यका साथ एकैपटक १७ वटा फर्ममा अनुगमन गरेको छ । अनुमगनका क्रमममा कैफियत देखिएपछि सुजल ट्रेडर्सलाई व्यवसायसँग सम्बन्धित कागजात लिई तीन दिनभित्र विभागमा उपस्थित हुन निर्देशन दिएको छ । विभागले थप १६ वटा फर्मलाई भने सुधारात्मक निर्देशन दिएको छ । स्थानीय जनप्रतिनिधि, उपभोक्ता अधिकारकर्मी एवं सरोकारवालाको उपस्थितिमा विभागले नियमित रूपमा बजार अनुमगन गर्दै आएको छ । ***(रासस)***



**चैतेधान रोपाइँ**

झापाको कमल गाउँपालिका-७ स्थित मेमेङ टोलका किसानहरू चैतेधान रोपाइँ गर्दै । पछिल्लो समय जिल्लामा चैतेधान खेती गर्ने क्रम बढ्दै गएको छ ।

*तस्बिर: यज्ञराज आङदेम्बे/रासस*

# सूर्यमुखी बगानले बढायो कृषि पर्यटन

नारायणगढ (चितवन), २६ फागुन । भरतपुर महानगरपालिका-१५ फूलबारीस्थित श्रीपुरमा प्राङ्गारिक किसान चन्द्रप्रसाद अधिकारीले लगाउनुभएको सूर्यमुखी बगानमा अहिले फूल ढकमक्क फुलेसँगै अवलोकन गर्ने मानिसको भीड देखिन थालेको छ । करिब साढे दुई बिघा क्षेत्रफलमा फुलेका सूर्यमुखी फूल हेर्न आउनेको जमात दिनदिनै बढ्दै गएको छ ।

यहाँ कोही टिकटक बनाउँदै भेटिन्छन् भने कोही अध्ययन-अवलोकन गर्दै र कोही फोटो खिच्दै रमाइरहेका देखिन्छन् । फूलमा मौरीले रस सङ्कलन गर्दै बगानभरि घुमिरहेको दृश्य र बाली जोगाउन सुगालगायत चरालाई भगाउन राखिएका 'डमी'ले यस क्षेत्रलाई थप आकर्षक बनाएको छ । बगानको बिच भागमा निर्माण गरिएका मचानमा बसेर चारैतिर फैलिएको सूर्यमुखी बारी अवलोकन गर्दा निकै रमाइलो अनुभव गर्न सकिन्छ ।

भरतपुर-३ बाट अवलोकन गर्न आउनुभएका पवन अधिकारी र उल्झना अधिकारीले यहाँको वातावरण निकै रमाइलो लागेको बताउनुभयो । उहाँहरूले अन्यलाई पनि यहाँ आएर फूलको सौन्दर्य अवलोकन गर्न र केही समय मन प्रफुल्लित बनाउन आग्रह गर्नुभयो ।

त्यसैगरी, समूहमा यहाँ घुम्न आउनुभएका गीता खड्का, आस्मा गुरुङ, जेनी चौधरी, सानु चौधरी र साना चौधरीले पनि बगान निकै आकर्षक रहेको बताउनुभयो । नारायणगढबाट आउनुभएका उहाँहरूले अघिल्लो वर्ष आउने योजना भए पनि फूल सुकेको हुँदा आउन नपाएको र यस वर्ष भने फूल फुलेको समयमा आएको बताउनुभयो । टिकटकमा देखेर यहाँ आउन प्रेरणा मिलेको उहाँहरूको भनाइ छ ।

एग्रो-इको टुरिजम प्रवर्द्धन गर्ने उद्देश्यले तयार गरिएको यस बगानले यस क्षेत्रलाई चहलपहल बनाउनुका साथै युवाहरूलाई कृषि क्षेत्रमा लाग्न प्रेरणा पनि दिएको छ । हाल यहाँ दैनिक चारदेखि



पाँच सयसम्म मानिस विभिन्न स्थानबाट अवलोकन गर्न आउने गरेका छन् । फूल फुल्ने समय सीमित हुने भएकाले यस अवधिमा आगन्तुकको भीड बढी हुने गरेको छ । अधिकारीले भन्नुभयो, "धेरैजसो रमाउन, फोटो खिच्न र टिकटक बनाउन आउनुहुन्छ । कतिपय भने खेतीबारे बुझ्न पनि आउनुहुन्छ । बीउ कहाँ पाइन्छ ? 'मेरो पनि जग्गा छ, म पनि लगाउँछु' भन्दै सल्लाह लिन आउनुहुन्छ । सकेसम्म मैले जानेको कुरा सिकाएर पठाउने गरेको छु ।" युवाहरूमा पनि यस खेतीप्रति आकर्षण बढ्दै गएको र कृषि पर्यटनको सम्भावना देखिएको उहाँको भनाइ छ ।

प्राङ्गारिक किसान अधिकारीले कुनै पनि रासायनिक मल वा विषादी प्रयोग नगरी खेती गर्न थालेको ३६ वर्ष भएको बताउनुहुन्छ । उहाँको अग्रसरतामा जिल्लाका केही स्थानमा प्राङ्गारिक कृषि प्रणाली पनि अपनाइएको छ । यहाँ उहाँले सूर्यमुखीसँगै गाजर, चुकन्दरलगायतका खेती पनि गर्दै आउनुभएको छ ।

उहाँका अनुसार गत वर्ष यहाँ गाजर र चुकन्दरखेती गरिएको थियो भने अघिल्लो वर्ष पनि सूर्यमुखी लगाइएको थियो । यस वर्ष पुनः सूर्यमुखी खेती गरिएको उहाँले बताउनुभयो । अघिल्लो वर्ष आगन्तुकबाट राम्रो प्रतिक्रिया प्राप्त भएपछि यस वर्ष पनि सूर्यमुखी लगाइएको र हालसम्म राम्रो भइरहेको उहाँको भनाइ छ । उहाँका अनुसार यस बगान स्थापना गर्न रोपाइँ, गोडमेल र व्यवस्थापनमा ठुलो लगानी गरिएको छ । उहाँले तेलबाली अनुसन्धान कार्यक्रम सर्लाहीबाट बीउ ल्याएर यहाँ सूर्यमुखीखेती गर्नुभएको हो । यहाँ उत्पादन हुने प्राङ्गारिक वस्तुको बजारको समस्या नभएको उहाँले बताउनुभयो । काठमाडौँस्थित अर्ग्यानिक मार्टमा यहाँका उत्पादन जाने गरेका छन् । सूर्यमुखीको तेल प्रतिलिटर रु. ८०० मा बिक्री हुने उहाँको भनाइ छ ।

उहाँका अनुसार मङ्सिरको सुरुमा रोपिएको सूर्यमुखी चैतमा उत्पादन दिन्छ । यही समयमा फूल फुल्ने भएकाले मानिसहरू अवलोकन गर्न आउने गरेका हुन् । "फूल फुल्ने समयमा कृषि पर्यटनसँग जोडिएको छ", उहाँले भन्नुभयो, "मैले सुरुमा पर्यावरणमैत्री कृषि गरिरहेको थिएँ, पछि यससँग पर्यटन पनि जोडियो ।" कृषिमा अत्यधिक नाफाको अपेक्षा गर्नु नहुने उहाँ बताउनुहुन्छ । "कृषि गर्नु आफैँमा आनन्दको विषय हो", उहाँले भन्नुभयो । अवलोकनका लागि आउने आगन्तुकबाट आफूलाई पनि हौसला मिलेको उहाँको भनाइ छ ।

नेपालको भौगोलिक विविधताले फरकफरक स्थानमा फरक किसिमको कृषि प्रणाली अपनाउन सकिने सम्भावना रहेको उहाँले बताउनुभयो । "हरेक भूगोलअनुसार उत्पादन गरेर देशलाई आवश्यक पर्ने वस्तु उपलब्ध गराई बाँकी निर्यात गर्न सकिन्छ", उहाँले भन्नुभयो, "यसका लागि कृषि विज्ञको परामर्श र नीतिनिर्माताको सहयोग आवश्यक छ ।" नेपालमा कृषिको सम्भावना राम्रो रहेको उल्लेख गर्दै उहाँले जानेर-बुझेर तथा विज्ञको सल्लाह लिएर फरकफरक प्रकारका कृषिबाली र कृषि पद्धति अपनाउनसके राम्रो हुने सुझाव दिनुभयो । ***(रासस)***

## कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एक्स-रे सेवा बन्द

जुम्ला, २६ फागुन । जुम्लास्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एक्स-रे सेवा बन्द भएको छ । अस्पतालको एक्स-रे सेवा बन्द हुँदा उपचारका लागि प्रतिष्ठानमा आएका सेवाग्राही मर्कामा परेका छन् ।

अस्पतालको एक्स-रे उपकरणमा समस्या आउँदा पाँच दिनदेखि एक्स-रे सेवा बन्द भएको अस्पताल प्रशासनले जनाएको छ । निर्वाचनका कारण बनाउनका समय लागेको बताउँदै एक्स-रे मा समस्या आएको उपकरण बनाउनका लागि काठमाडौँ पठाइसकिएको अस्पताल प्रशासनले जनाएको छ ।

मङ्गलबारदेखि एक्स-रे सेवा नियमित सञ्चालनमा आउने स्वास्थ्य विज्ञान प्रतिष्ठानका निर्देशक कमल थानीले जानकारी दिनुभयो । पटकपटक एक्स-रे सेवा र सिटीस्क्यान बिग्रँदा प्रतिष्ठानको चर्को आलोचना हुने गरेको छ । ***(रासस)***

। सम्पादकीय ।

# अमेरिकी सेनाको चलखेल बढ्नु राम्रो सङ्केत होइन

नेपाल विदेशी थिचोमिचो, अतिक्रमण र दबाबबाट मुक्त हुनुपर्छ । विदेशी थिचोमिचो, अतिक्रमण, दबाब र हस्तक्षेप रहेसम्म नेपाल विकासमा पछि परिरहन्छ । साम्राज्यवादी देशहरू एउटा अर्को देशमा घेरा हाल्न र कमजोर बनाउन फेरि अर्को देशलाई उपयोग गर्ने बाटो तयार गर्छन्; तयार गर्न जालझेल गर्छन् । यसको निम्ति संयुक्त राज्य अमेरिकाले नेपाललाई चलखेल गर्ने माध्यम बनाउन सक्छ । सुशीला कार्की प्रधानमन्त्री बन्दा दलाई लामाले त्यसै बधाई दिएको हुँदैन । फागुन २१ गते भएको प्रतिनिधिसभा निर्वाचनमा रास्वपाले प्रत्यक्षमा बहुमत प्राप्त गर्ने लक्षण देखेपछि संयुक्त राज्य अमेरिकाले नयाँ गठन हुने सरकारसँग सहकार्य गर्ने कुरा सञ्चारमाध्यममा आयो । अमेरिकाले अमेरिकी सेना पस्ने एसपीपी पारित गराउने चलखेल गर्ने सम्भावना छ । एसपीपी पारित गराउन अमेरिकाले नेपाल सरकारलाई अर्को आर्थिक सहयोग या विकासको लोभ देखाउन सक्छ । त्यो लोभमा नेपाल सरकार या अब बन्ने रास्वपाको सरकार फस्यो भने नेपालले अमेरिकी सेनाको परेड खेल्ने भूमि बन्न सक्छ । नेपालमा अमेरिकी सेना पस्ने बाटो खुलेपछि अमेरिका चुप लागेर बस्नेछैन । नेपालमा अमेरिकी सेनाको चलखेल बढ्नु राम्रो सङ्केत होइन ।

अमेरिकाले कुनै पनि बेला नेपाली भूमिलाई उपयोग गरेर चीनलाई घेराउ गर्ने सम्भावना छ । नेपालमा अमेरिकी सेना पसेमा, पस्न दिएमा, पसे पनि नेपाल सरकार मौन रहेमा चीन चुप लागेर बस्ने छैन । त्यो बेला नेपाल रणभूमि बन्न सक्छ र नेपाल र नेपालीको विजोग हुन सक्छ । आर्थिक सहयोग र विकासको लोभमा नेपालका शासकहरू फसेरै नेपाल र भारतबिच धेरै असमान सन्धि-सम्झौता भएको थियो । असमान सम्झौतामा फसेरै नेपालका प्राकृतिक स्रोत र साधन या खोलानाला भारतको अधीनमा गएको हो । अमेरिकाले पनि नेपालका खनिज साधनमा आँखा गाडेको हुन्छ । नेपाल सरकार बेलैमा सचेत भएन भने विदेशी शक्ति राष्ट्रहरूले अनेक जालझेल रचेर नेपालका शासकहरूलाई फसाउन सक्छन् । विगतका शासकहरू यस्तै लोभमा फसेकै कारण देश परनिर्भर हुँदै गएको हो ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले रास्वपाका सभापति रवि लामिछाने र नेता बालेन्द्र साहसँग सोमबार टेलिफोन वार्ता गरेको खबर सञ्चारमाध्यममा आयो । निर्वाचित हुँदा बधाई र शुभकामना दिनु अस्वाभाविक होइन । तर, त्यो बधाई र शुभकामनाभित्रै षड्यन्त्र लुकेको हुनसक्छ । भारतीय सरकारको तर्फबाट साझा प्रगति, समृद्धि र जनकल्याणका लागि गरिएको प्रतिबद्धताभित्र अर्कै स्वार्थ लुकेको हुनसक्छ । कूटनीतिक ज्ञान नभएका नेताहरूले यस्ता कुराको चाल पाउँदैनन् । एमसीसी सम्झौता भइसकेपछि अमेरिकाले दिने भनिएको आर्थिक सहयोगसँगै त्यस्तै भारत र चीनसँग पनि सहयोग माग्न सक्ने कुरा नेकाका युवा नेताले बोलेका थिए । एमसीसी सम्झौतामा टेकेर अमेरिकाले नेपालमा के गर्न लागेको छ भन्ने कुरा नसोची आर्थिक सहयोगको प्रलोभनमा आँखा चिम्ली सम्झौता गर्ने काममा नेपाल सरकार चुकेको थियो । यसरी नेपाल सरकार धेरैपटक चुक्यो, फस्यो । तर, नेपालका शासकहरू बिउँझिएनन्, बरु फस्दै गए । यो देशको निम्ति दुर्भाग्य हो ।


नेपाल सरकार विशेषत: भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको चङ्गुलमा फसिरहेको कुरा यथार्थ हो । नेपाल सरकारलाई फसाउन अमेरिकाले दबाब दिएकै हो; लोभ देखाएकै हो । नेपाल सरकार फसेकै हो । गत भदौ २३ र २४ गते भएको जेन-जीको आन्दोलनमा विदेशीहरू घुसपैठ भएको व्यापक चर्चा भएको थियो । विदेशी घुसपैठबिना सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालतलगायत देशका सार्वजनिक सम्पत्ति एकै समयमा एकैपटक आगजनी गराएर ध्वस्त पार्न सक्दैनथ्यो । त्यत्रो ठुलो आगजनी हुँदा पनि न आगजनी नियन्त्रण गर्नसक्यो न त कसैलाई पक्राउ गर्नसक्यो । उक्त आगजन्य कसले गराएको हो भन्ने कुरा तत्कालीन सरकारले किन भन्न सकेन ? सेना किन तमासे भएर बस्यो भन्ने कुरा उतिबेलै प्रश्न उठेको थियो । राजनीतिक विश्लेषकहरूले उक्त आगजन्य घटनामा भारतीय शक्ति र अमेरिकी शक्तिको हात रहेको विश्लेषण गरेका थिए । रास्वपाले निर्वाचनमा वर्चस्व पाएपछि अमेरिकी सेना नेपाली सेनासँग सहकार्य गर्न तयार भएको कुरा कसरी आयो ? नेपाली सेनासँग अमेरिकी सेनाले किन सहकार्य गर्नुपर्‍यो ? कतै अमेरिकाको सो भनाइभित्र पनि मन्दविष त छैन ? के त्यो भनाइभित्र नेपालमा अमेरिकी सेना पस्ने गन्ध छैन ? शङ्का गर्ने ठाउँ छ ।

यो निर्वाचनमा रास्वपाबाट जितेका सांसदहरूमा जेन-जी आन्दोलनका अगुवाहरू पनि छन् । उनीहरू अमेरिकी कम्पनी या सङ्घ संस्थासित आबद्ध भएको खबर पनि जानकारीमा आएको हो । निर्वाचित कति सांसदहरू अमेरिकामा मुद्दा परेका, कति सांसद भारतको स्वार्थ पूरा गर्नेहरू परेका छन् । एमसीसीको विरोध नगर्ने, कालापानीबाट भारतीय सेना फर्काउन नचाहने, अन्तर्राष्ट्रिय मूल्य र मान्यताविपरीत नेपाल-भारत सीमामा बाँध तथा तटबन्ध बनाए पनि चुइँक्क नबोल्ने सांसदहरू सम्मिलित सरकारले देशको स्वाधीनता र सार्वभौमसत्ता जोगाउला कि नजोगाउला ? सरकारको नेतृत्व गर्नु मुख्य कुरा होइन । महत्त्वपूर्ण कुरा देश जोगाउनु र बनाउनु हो । विदेशी आक्रमण, हस्तक्षेप, दबाबको कुनै विरोध गर्दैन; खबरदारी गर्दैन भने नयाँ सरकार गठनको औचित्य के ? अत: हरेक सरकार देशको स्वाधीनता र सार्वभौमसत्तामा आँच आउनेतर्फ गम्भीर हुनुपर्छ, सचेत हुनुपर्छ ।

# “महिलाहरूलाई शिक्षा र रोजगारमा प्राथमिकता दिनुपर्छ”

**संविधानले प्रदान गरेको त्यो हक प्रयोग गर्न पनि महिलाहरूले अनेकौँ समस्या भोग्नुपरेको छ । राजनीतिमा महिलालाई देशको मुख्य पदमा ५० प्रतिशत, प्रदेश र सङ्घीय संसद्मा ३३ प्रतिशत र स्थानीय तह वडामा ४० प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरिएको छ । नगर प्रमुख वा उपप्रमुख, सभामुख वा उपसभामुख १ जना महिला राख्ने पनि बाध्यात्मक संवैधानिक व्यवस्था छ । तर, राजनैतिक दलहरू गठबन्धन गरेर निर्वाचन लडेर त्यो दुवै पद प्रमुख र उपप्रमुख पुरुष नै भएका धेरै वटा पालिकाहरू छन् । यो एक प्रकारको राजनीतिक दलहरूबाट महिलाहरूको हक खोस्ने जालसाजी वा बेइमानी हो ।**

*युवाहरूमा राजनीतिक शिक्षा आवश्यक छ । कसले के काम गर्‍यो ? त्यसको अध्ययन गरी मतदान गरेमा राम्रो परिणाम आउँछ । हामी अहिले ख्वप सर्कलमा बसिरहेका छौँ । यो कलेजका संस्थापक अध्यक्ष प्रेम सुवाल प्रतिनिधिसभा सदस्यमा उम्मेदवार हुनुभयो । धेरैले भक्तपुर नगरपालिकाको कामको प्रशंसा गर्छन् । सङ्घ, प्रदेश र स्थानीय तहका महत्त्वपूर्ण व्यक्तिहरू पनि भक्तपुर भ्रमणमा आउने गरेका छन् । प्राय: सबैले भक्तपुर नगरपालिकाले जस्तै आफूहरूले पनि कलेज, अस्पताल सञ्चालन गर्ने कुरा गर्छन् । आज भक्तपुरलाई एक उदाहरणको रूपमा लिन्छन् । यो सबै नेपाल मजदुर किसान पार्टीको देन हो । यस्तो पार्टीका उम्मेदवार निर्वाचनमा पराजित हुनुभएकोमा धेरैले आश्चर्य मानेका छन् । कतै हामीले विद्यार्थीहरूलाई पनि हाम्रो योगदानको बारेमा बुझाउन सकेनौँ कि ? समीक्षा गर्नु आवश्यक छ ।*



सुनिल प्रजापति, प्रमुख भक्तपुर नगरपालिका

दिनको आठ घण्टाको काम र समान ज्यालाको माग राख्दै आजभन्दा ११६ वर्षअघि भएको आन्दोलनको स्मरणमा विश्वभर अन्तर्राष्ट्रिय महिला दिवस मनाइँदै छ । हामी कलेजहरूको तर्फबाट यो कार्यक्रम गर्दै छौँ । आजकै दिन कति गैरसरकारी र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले पाँचतारे होटलहरूमा महिला दिवस मनाउँदै होलान् । त्यो समाचार आएपछि सबैले थाहा पाउने छन् । तर, एउटा कुरा के सत्य हो भने अन्य ठाउँमा कार्यक्रमहरू गर्दा न वास्तविक श्रमिक महिलाहरूको त्यहाँ सहभागिता हुन्छ न कार्यक्रमबारे ती श्रमिक महिलाहरूलाई थाहा नै हुन्छ । उनीहरूका लागि महिला श्रमिक दिवस हर्ष न विस्मात्को विषय बन्ने छ ।

नेपालमा निरङ्कुश राजतन्त्र र संवैधानिक राजतन्त्रको अन्त्य भई सङ्घीय गणतन्त्र स्थापना भएको १७/१८ वर्ष भयो तर महिलाहरूले अझै समान हकको लागि लड्नुपर्ने अवस्था छ । किन यस्तो हुन्छ ? के सबैले समान अधिकार पाउनुपर्ने होइन ?

नेपालको संविधानको धारा ३८ उपधारा (१) मा महिलाको हक शीर्षकमा लेखिएको छ – प्रत्येक महिलालाई लैङ्गिक भेदभावबिना समाजमा वंशीय हक हुनेछ । यो अधिकार समाजमा कतिको लागू भइरहेको छ ? त्यस्तै उपधारा (४) मा राज्यको सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको व्यवस्था गरिएको छ । उपधारा (५) मा महिलालाई शिक्षा, स्वास्थ्य र रोजगारीमा सकारात्मक विभेदको हक हुने व्यवस्था गरिएको छ ।

संविधानले प्रदान गरेको त्यो हक प्रयोग गर्न पनि महिलाहरूले अनेकौँ समस्या भोग्नुपरेको छ । राजनीतिमा महिलालाई देशको मुख्य पदमा ५० प्रतिशत, प्रदेश र सङ्घीय संसद्मा ३३ प्रतिशत र स्थानीय तह वडामा ४० प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरिएको छ । नगर प्रमुख वा उपप्रमुख, सभामुख वा उपसभामुख १ जना महिला राख्ने पनि बाध्यात्मक संवैधानिक व्यवस्था छ । तर, राजनैतिक दलहरू गठबन्धन गरेर निर्वाचन लडेर त्यो दुवै पद प्रमुख र उपप्रमुख पुरुष नै भएका धेरै वटा पालिकाहरू छन् । यो एक प्रकारको राजनीतिक दलहरूबाट महिलाहरूको हक खोस्ने जालसाजी वा बेइमानी हो ।

पुरुषप्रधान समाजमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था नगरिएको भए राजदूतलगायत उच्च पदहरूमा महिला पर्ने कमै मात्र सम्भावना हुन्छ । नयाँ संविधान जारी भएसँगै धेरै महिलाले त्यो अवसर पाएका छन् ।

सन् १९१७ को समाजवादी क्रान्तिपछि सोभियत सङ्घमा महिला र पुरुषबिच कुनै किसिमको भेदभाव थिएन । शिक्षा, स्वास्थ्य र रोजगारजस्ता सबै क्षेत्रमा महिलालाई प्राथमिकतामा राखिएको थियो । त्यहाँ आरक्षणको कुनै आवश्यकता थिएन । आरक्षण केही समयको लागि उपयुक्त भए पनि त्यसलाई स्थायी बनाउनु राम्रो हुँदैन । आरक्षणले प्रतिस्पर्धी भावनामा कमी ल्याउँछ । योग्यले भन्दा कमजोरले अवसर पाउने हुँदा गुणस्तरमा पनि कमी आउने सम्भावना रहन्छ ।

पुँजीवादी राज्य व्यवस्थामा महिलाहरूलाई किनबेचको वस्तुसरह बनाइन्छ । वार्षिक हजारौँ छोरीहरू खुला सीमा पार गरेर भारतका मुख्य मुख्य सहरमा बिक्री गर्ने गरेका समाचारहरू आइरहेका छन् । पुँजीवादी व्यवस्था भनेको नाफासँग जोडिने हुँदा धेरै गुणा बढी नाफा हुने भए उसले श्रीमती, छोरीमात्र होइन बिष बेच्न पनि तयार हुन्छ ।

देशमा राजनीतिक परिवर्तनहरू भए पनि अझै कुसंस्कारको अन्त्य भएको छैन । ग्रामीण क्षेत्रहरूमा धेरै महिलाहरू छाउपडी, बोक्सीजस्ता कुसंस्कारबाट पनि पीडित छन् । दाइजो प्रथा, घरेलु हिंसाजस्ता विभिन्न घटनाहरूबाट पनि महिलाहरू नै पीडित हुने गरेका छन् ।

यो लैङ्गिकमात्र होइन वर्गीय समस्या पनि हो । पुँजीवादी व्यवस्थामा गरिबवर्गका मानिसहरूको कुनै मूल्य हुँदैन । गरिबहरूले मूल्यहीन जीवन बिताउनुपर्ने अवस्था हुन्छ । नाफाको निम्ति मानव बेचबिखनजस्ता अपराधलाई पनि कानुन बनाएर वैध बनाइन्छ । वैदेशिक रोजगारका नाउँमा कतिपय कम्पनीहरूले नेपालका युवाहरूलाई घर खेत बैङ्क तथा वित्तीय संस्थाहरूमा धितो राख्न लगाएर विदेश पठाइरहेका छन् । कति महिलाहरू वस्तुजस्तै बेचबिखन गर्ने गरेका समाचारहरू पनि आउने गरेका छन् । त्यस्ता अपराध गर्ने कम्पनीहरूलाई सरकारले कारबाही गर्नुको सट्टा सम्मान गर्ने गरेको छ । अझ कतिलाई त गैरकानुनी रूपमै विदेश पठाउने गरेका पनि छन् र धेरै युवाहरूले विदेशी भूमिमा दु:ख पाइरहेका छन् ।

महिला र पुरुष समान रूपमा अघि बढ्न नसकेसम्म समाज अघि बढ्न सक्दैन । यो समान व्यवहार समाजवादमा मात्र सम्भव हुन्छ । चीन, सोभियत सङ्घ, प्रजग कोरियाजस्ता समाजवादी देशहरू यसका उदाहरणहरू हुन् ।

अहिले ख्वप सर्कलमा पढ्ने विद्यार्थीहरूमध्ये ५० प्रतिशतभन्दा बढी छात्राहरू छन् । यसले अब ५।१० वर्षपछि देशका राजनीति, प्रशासनिक र न्यायिकलगायत सबै महत्त्वपूर्ण क्षेत्रमा ५० प्रतिशतभन्दा बढी महिला प्रतिनिधित्त्व हुने अपेक्षा गर्न सकिन्छ । आज कलेजमा रहेका छात्राहरूको उपस्थितिले त्यही कुराको सङ्केत गर्दछ ।

समाजमा परिवर्तन सबैका लागि नि:शुल्क समान शिक्षाले मात्रै सम्भव छ । अझै पनि नेपालका ग्रामीण क्षेत्रहरूमा छोरा र छोरीलाई शिक्षामा भेदभाव गर्ने गरेको पाइन्छ । यो सबै जनताको चेतनास्तरमा भर पर्ने विषय हो ।

युवाहरूमा राजनीतिक शिक्षा आवश्यक छ । कसले के काम गर्‍यो ? त्यसको अध्ययन गरी मतदान गरेमा राम्रो परिणाम आउँछ । हामी अहिले ख्वप सर्कलमा बसिरहेका छौँ । यो कलेजका संस्थापक अध्यक्ष प्रेम सुवाल प्रतिनिधिसभा सदस्यमा उम्मेदवार हुनुभयो । धेरैले भक्तपुर नगरपालिकाको कामको प्रशंसा गर्छन् । सङ्घ, प्रदेश र स्थानीय तहका महत्त्वपूर्ण व्यक्तिहरू पनि भक्तपुर भ्रमणमा आउने गरेका छन् । प्राय: सबैले भक्तपुर नगरपालिकाले जस्तै आफूहरूले पनि कलेज, अस्पताल सञ्चालन गर्ने कुरा गर्छन् । आज भक्तपुरलाई एक उदाहरणको रूपमा लिन्छन् । यो सबै नेपाल मजदुर किसान पार्टीको देन हो । यस्तो पार्टीका उम्मेदवार निर्वाचनमा पराजित हुनुभएकोमा धेरैले आश्चर्य मानेका छन् । कतै हामीले विद्यार्थीहरूलाई पनि हाम्रो योगदानको बारेमा बुझाउन सकेनौँ कि ? समीक्षा गर्नु आवश्यक छ ।

*(भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले ख्वप कलेज, ख्वप कलेज अफ ल र ख्वप माविको आयोजनामा ११६ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा आइतबार आयोजित प्रवचन कार्यक्रममा व्यक्त मन्तव्यको सार सङ्क्षेप)*


# स्वर्गको निर्माण

✍ अन्ना लुइस स्ट्रङ

*(पश्चिमी सञ्चारमाध्यमहरूमा तिब्बतसम्बन्धी विषयलाई निकै गलत ढङ्गले प्रचार हुँदै आएको छ । 'चीनले स्वतन्त्र तिब्बतमाथि कब्जा जमाएको', 'चिनियाँ जनमुक्ति सेनाले तिब्बतीहरूमाथि दुर्व्यवहार गरेको', 'तिब्बती जनताका नेता दलाइ लामालाई पदच्युत गरेको' जस्ता समाचार उनीहरू प्रचार गर्छन् । के साँच्चै 'स्वतन्त्र' तिब्बतमाथि चीनले कब्जा जमाएको हो ? तिब्बती स्वर्गलाई जनमुक्ति सेनाले नर्क बनाएको हो ? जनताको शासनविरुद्ध असफल विद्रोह गरेर दलाइ लामा भागेका हुन् कि उनलाई पदच्युत गरिएको हो ? आदि प्रश्नका विस्तृत उत्तर प्रसिद्ध अमेरिकी महिला पत्रकार अन्ना लुइस स्ट्रङको पुस्तक 'When Serfs Stood Up in Tibet' मा पाउन सकिन्छ । यो पुस्तक सन् १९६० मा प्रकाशित भएको हो ।)*

यातायातको सवाल उठाउनैपर्ने महत्त्वपूर्ण प्रश्न हो । तिब्बतको विकासमा यातायातको अभावले बाधा हालेको छ । चीनका अरु प्रान्तहरू भएर आउने लामो बोकाहामात्र बाटो थियो । सन् ६४१ मा मात्रै राजकुमारी वेन चेङले रेशम कीरा र हस्तकलाका सामान लामो बोकाहा बाटोबाट ल्याएकी थिइन् । अहिले ट्रकको बाटो खुलेको छ ।

यी छोटो अनुसन्धानबाट, विश्वको शिखरमा स्वर्गको निर्माण गर्ने योजना सफल हुने आशाका





लेखिका अन्ना प्रयोगात्मक खेतीमा ठूला बन्दा बालीको अवलोकन गर्दै

किरणहरू देखिन्थे । भोकमरीलाई छिट्टै हटाउने, बिनाअतिरिक्त मूल्यमा उत्पादन बढाएर पर्याप्त अन्नको आवश्यकता पूरा गरिने, छिट्टै नै तरकारी वृद्धि गरिने, माछा, मासु, घ्यू र दूध वृद्धि गरिने निश्चित छ । यदि जोखाङ मठले घ्यू बत्तीको सट्टा तेल वा विद्युत् बत्ती बालेमा वार्षिक प्रतिव्यक्ति एकतिहाइ पाउण्ड घ्यू पूर्ति गर्न सकिन्छ । यदि २,००० भन्दा बढी मठहरूले घ्यू बत्ती बाल्न छोडेमा पर्याप्त मात्रामा घ्यूको रासन उपलब्ध हुनेछ ।

लत्ताकपडा र घरघडेरीको बन्दोबस्त तथा विकास रेल बाटोबिना नै गर्न सकिन्छ । राज्यको ऋण सहयोग लिएर हस्तकला सहकारीहरूले ऊन र छालालाई लुगा तथा धागाका वस्तुहरू उत्पादनका लागि प्रयोग गर्न सकिन्छ । परम्परागत विधिबाट तयार गरिने इँटा तथा छानाको झिङ्गटीलाई नयाँ आधुनिक तरिकाबाट तयारी गर्न सकिन्छ । यातायातको विकासबाट खाद्यान्न, लत्ताकपडा र बासस्थानमा वृद्धि गर्न सकिनेछ ।

दीर्घकालीन समृद्धि हासिल गर्न प्रथमत: पशुपालन त्यसपछि मात्रै खनिज पदार्थको उत्खननमा जोड दिनुपर्छ । तिब्बतको विकास चरणहरूको व्यवस्थापन तथा पशुहरूको प्रजनन तथा भौगर्भिक अनुसन्धानमा भर पर्छ । यसबाहेक यातायात र विशेषगरी रेल सडकमा पनि भर पर्छ । तिब्बतीहरू धार्मिक दृष्टिले उत्खनन गर्न रुचाउँदैनन्, तिनीहरू यसलाई 'माटोलाई अवरोध गर्नु' ठान्छन् । यस्ता धारणाहरूले अन्य विकासलाई पनि अवरोध पुर्‍याउँछ, पाँच वर्षभित्रमा यस्ता विवादहरू हट्नेछन् ।

तिब्बतीहरूको विचार परिवर्तन भइरहेको छ । 'स्वर्ग', खाना, लुगा तथा बासस्थान र भौतिक वस्तुभन्दा पनि ठुलो कुरा हो । तिब्बतीहरूले अन्तत: स्वतन्त्रताको अनुभूति गरे । ल्हासा विमान स्थलबाट पहिलो बाटोमा भेटेका झुत्रो गोठालादेखि हामीले यहाँ उत्साहपूर्ण चेतना आएको अनुभव गर्यौं । नाचगानहरूमा तथा रत्न बगैँचाको वनभोजको स्वागतमा गाउँलेहरूको स्वागत सत्कारमा, 'अभियोग बैठक' मा तिनीहरूको चेतना एकपटक फेरि हामीले अनुभव गर्यौं ।

धेरैजसो हानहरू तिब्बतीहरूसँगै काम गरिरहेका थिए । व्यवस्थापक चाङले भनेझैँ तिनीहरू अहिले स्वतन्त्र भएका छन्, दासत्वका सिक्रीहरूबाट छुट्टिएर सबै प्रकारका क्षमताको विकास गर्दै थिए । तिनीहरू साँच्चिकै असाधारण मानिस हुन् ।

के स्पष्ट भइसकेको छ भने तिब्बती जनता बढ्नेछन् र फुल्नेछन्, तिनीहरूको जनसङ्ख्या घट्ने क्रम समाप्त भयो, तिनीहरू विश्वकै शिखरका मालिक भएका छन् र त्यसमा मालिकत्व बढ्नेछ । तिनीहरूले पुरानो अन्धविश्वास र आधुनिक जीवनको लक्ष्य बिचमा आफ्नो बाटो भेट्टाउनेछन् । तिनीहरू नाटक र नाचगानमा दक्ष छन् र आफ्नै किसिमले तर्क दिन पनि खप्पिस छन् ।

तिनीहरूको भूमिले कहिल्यै सजिलो/सुलभ जिन्दगी दिँदैन, पृथ्वीको उच्च हिमाल र कडा माटोमा उदार विजय पाउने काममा लगनशील हुनैपर्छ । तिनीहरू आफ्नो स्वतन्त्रतामाथि निर्भिक तथा लज्जित छैनन् र साथीको रूपमा आउने जोकोहीलाई साथीकै व्यवहार गर्छन् ।

हामी तिब्बत विमानस्थलबाट सेप्टेम्बर ९ मा हिँड्यौं । त्यसबेला टाकुनमा बाली काट्ने काम सकिसकेको थियो, लोका र ल्हासामा बाली काट्न भर्खरै सुरु भइरहेको थियो । हामीले बाली भित्र्याउने चाडभरिमा किसान चेतनाको अवधि तथा पहिलो भूमि वितरणमा गाउँ, सहर तथा मठहरूमा प्रजातान्त्रिक सुधार देख्यौं ।

अक्टोबरको पहिलो हप्ता हजारभन्दा बढी प्राविधिज्ञ, भूगर्भशास्त्री, अर्थशास्त्री, इन्जिनियर, डाक्टर र नर्सहरू ल्हासामा पुगे । नयाँ किसान सङ्घ त्यसका लागि तयार थियो । पेचिङ बैठकमा प्रस्तुत सफलता प्रतिवेदनअनुसार ३,६०,००० भूदासहरू र २०,००० दासहरूलाई मुक्त गरिसकेको र जग्गा प्राप्त गरी आफ्नै बाली प्रतिएकड १४.५ बुसेल, पहिलेको भन्दा बढी अन्न भित्र्याइसकेको थियो । तिनीहरूले आधारभूत स्तरमा सरकारको शक्ति आफ्नो हातमा लिएको अर्थात् नगर स्थानीय जनताको हातमा पुग्यो । यसले 'हरेक दिन नयाँ ज्ञानहरू वृद्धि गर्ने इच्छा जगाएको छ ।

अक्टोबरसम्ममा उत्तरबाट सुरु भएको बाली भित्र्याउने काम उचाइसम्म पुग्नेछ । खेतमा बाली काट्दै किसानहरू गीत गाइरहेको समाचार आयो । तिनीहरूले आपसी सहयोग समिति बनाए र एक अर्कालाई खेत जोत्न पशुहरू आदानप्रदान गर्थे । अन्न भित्र्याइसकेपछि अर्को बाली लगाउन वा बीउ छर्न तिनीहरूले एकैपल्ट खनजोत सुरु गरे । पहिलोपल्ट तिनीहरूले बीउहरू छाने तथा मल सङ्कलन गरे । तिब्बती किसानहरूको लागि परीक्षणात्मक कृषि फार्मले पुस्तक निकाल्यो र धेरै वर्षको परीक्षणबाट उत्पादन गरेको ३०६९ प्रकारका अन्नका बीउहरूसँगै ती खेतीसम्बन्धी पुस्तक पनि किसानहरूलाई दिए ।


जलमुक्ति सेनाको उपचार टोलीलाई पशुहरू प्रदान गरेकोमा धन्यवाद दिँदै पशुपालकहरू

"विद्रोहीहरूले ध्वस्त पारेको वा युद्धमा भत्केका भवनहरूको मर्मत कार्य सकियो ।" नोभेम्बर ३० मा ल्हासाबाट आएको समाचार पढेँ । "पोतालाको पश्चिममा नयाँ - खैरा घरहरू लहरै निर्माण भयो । ल्हासाबाट निर्माण सामग्रीहरू विशेषगरी इँटा र चुन ल्हासा बाहिर तिब्बतका अन्य भागहरूमा गयो । नोभेम्बरकै अर्को समाचारअनुसार ल्हासाको प्राचीन 'विनाशको जिल्ला', सर्वसाधारण रातमा जान डराउने ठाउँ अहिले 'सुख र खुसीको जिल्ला' भएको छ, वेश्यावृत्ति तथा झैझगडा हटेको छ, सडकहरू सफा भएका छन् ।"

नोभेम्बरको अन्तबाट १९५५ देखि भण्डारमा थन्काएको दुई हजार वटा नयाँ कृषि औजारहरू आएको छ । केन्द्रीय सरकारले साढे १० लाख युआन मूल्य पर्ने ती सामग्रीहरू तिब्बती जनतालाई उपहारस्वरूप दिएको थियो । कासाग र खान्दानीको हातमा रहेको सो भन्डार अब कासागहरू पतन भएपछि ती सामग्रीहरू किसानहरूले प्रयोग गर्न पाएका छन् । डिसेम्बरको मध्यतिर 'नयाँ हलोहरू लोकामा प्रयोग भयो', 'लोका र ल्हासाका धेरैजसो खेत दुई-दुईपल्ट जोतियो' भन्ने समाचारहरू पढ्न पायौँ ।

जनवरी २० को दिन जनताका प्रतिनिधिहरूको पहिलो ल्हासा नगरपालिका सभा प्रारम्भ भयो र सोही दिन नयाँ सहर प्रशासन सञ्चालन भयो । तिब्बतको इतिहासमा पहिलोपल्ट तल्लोस्तरको जनताको सङ्गठनबाट चुनिएका सय जनाभन्दा बढी प्रतिनिधिहरूले त्यस सभामा भाग लिए । त्यसमा किसान, गोठाला, व्यापारी, लामा र 'उपलो जातका देशभक्तहरू' संलग्न थिए । तिनीहरूले वृहत्तर ल्हासाको १७०,००० जनता जसमा सात वटा प्रदेश र ६ वटा सहरी वडाहरूको प्रतिनिधित्व गर्थे ।

'विगतको नौ महिनाको परिवर्तनले बितेको शताब्दीहरूलाई छायामा पार्यो' - नयाँ नगर प्रमुख सुइको डोङ्गचु सेरिन (Tsuiko Dongchu–Tseren) ले उद्घाटन भाषणमा भने । तिब्बतमा दासप्रथाको अन्त गर्ने प्रजातान्त्रिक सुधार आधारभूत रूपमा ल्हासामा पूरा भएको बताउँदै उनले भएका परिवर्तनहरूको सङ्क्षिप्त विवरण दिए । "गरिबीमा टाँसिएको पुरानो ल्हासा आशाहरूले भरिएको जिवन्त ल्हासामा फेरिएको छ," उनले भाषणको अन्त गरे ।

महान चाड मोन्लाम (Monlam) मा तिब्बतीहरू तीन हप्तासम्म तिब्बती नयाँ वर्षको खुसीयाली मनाउँथे । पहिलेका वर्षहरूमा यस चाडलाई विद्रोह आयोजना गर्न प्रयोग गरिन्थ्यो, भक्तजनहरू तिब्बतभरिबाट रत्न बगैँचामा दलाई लामाको दर्शन गर्न आउँथे र हानहरूविरुद्ध प्रदर्शन गर्थे । १९६० मा मोन्लाम चाड राम्ररी सुरु भयो । जोखाङ (Jokhang) का प्रार्थना गर्नेहरूले धेरै सङ्ख्यामा घ्यूको बत्तीहरू बाले तथा रेशमका नयाँ झण्डा पटाकाहरू फरफराए । तीन ठुला मठहरूमा जीवित बुद्धहरूको सहयोगमा पञ्चेन एर्डेनीले कार्यक्रम सञ्चालन गरे । "बितेको वर्षमा तिब्बतमा भुँइचालो रूपी परिवर्तनहरू भए । पहिलेका भूदासहरू आफ्नो भविष्यको मालिक भएका छन्," तिनले समारोहमा सम्बोधन गरे ।

फेब्रुअरीको अन्तसम्मको तथ्याङ्कले देखाएअनुसार ६,१०,००० ग्रामीण जनसङ्ख्यालाई जग्गा विवरण गरियो । त्यो जनसङ्ख्या सुधार गरिएकोमा ५७ वटा प्रदेशको ७७ प्रतिशत थियो । तिब्बतका ७८ प्रदेशहरूमा बाँकी २१ वटा प्रदेशहरू धेरैजसो घाँसे चरणहरूमा अर्को वर्ष वितरण गरिनेछ । ल्हासा, लोका, चाम्दो, सिगात्से र लुहुन्से (Luntse) वा पहिलोका टाकुन ( Takun) गरी पाँच क्षेत्रहरूमा १०८० वटाभन्दा बढी किसान सङ्गठनहरू गठन भए र सरकारी अधिकारीहरूमा सहरी स्तरबाट चुनेर आए । १९५९ को बाली दासप्रथा कायम रहँदा छरेको थियो र काट्दा दासहरूले स्वतन्त्रता पाइसकेका थिए । त्यो बाली २०-३० प्रतिशत बढी थियो । निश्चित नै १९६० को बाली झन् उच्च हुने भयो । अहिले मोहीको हातमा जग्गा पाएको र स्वतन्त्र रूपले बीउ छर्न पाए तथा सबैतिर उत्कृष्ट बालीको विकास गर्न कार्यक्रमहरू भए ।

झन्डाहरू फहराउँदै, बाजा गाजा बजाउँदै पहिलो वसन्त ऋतुमा आफ्ना खेतहरूमा बीउ छर्नको लागि मुक्त भएका भूदासहरूले १९६० अप्रिलमा आपसी सहयोग समिति गठन गरे । जग्गा, घरपालुवा पशुहरू, ज्यावलहरू अन्तत: ती मुक्त भएका भूदासहरूकै भयो र बाली पनि तिनीहरूकै हुनेछ ।

पोताला दरबारको छानामा सूर्यको किरण नभुल्कँदै ल्हासाको पश्चिमी उप-नगरमा पूर्वी हावा आपसी सहयोग समिति (The East wind Mutual Aid Team) मा पोताला दरबारको गठन भयो । बीउ छर्ने काम राष्ट्रिय रित पुर्‍याएर गरियो । खेतको किनारमा झण्डाहरू गाडियो । तीन वटा गोरुहरूको सिङलाई रातो अविरले रङ्गाइयो र सेता दोसल्ला ओढाइयो र समिति नेता गेसाङ फाल्ड्रन (Gesang Faldron) ले एक एक कप जौको रक्सी टर्‍याए ।

समिति नेताले खेतमा गएर माटो फोरे । प्राचीन काठको लठीको सट्टामा तीन वटा नयाँ फलामे हलोको प्रयोग गरेर माटो फोरियो । त्यस फलामे हलोले एक घण्टामै चालीस जना मानिसले काठको हथौडाले दिनभरिमा फोर्नेभन्दा बढी काम गर्यो । तीनवटी आइमाईले पछाडि गहुँको बीउहरू छरे, मल र पानी दिए । त्यसको पछाडि १० जना अरु मानिसले बीउ छरिसकेको खेतलाई स-साना टुक्रामा बाँडेर सिँचाइको लागि तयार गरे । 'पूर्वी हावा आपसी सहायता समिति' ले परीक्षणात्मक कृषिको उच्च परिणाम जतिकै प्रतिएकड ६६ बुसेल अन्न उत्पादन गर्ने लक्ष्य राखेको छ ।

तसर्थ, ल्हासाका भूतपूर्व भूदासहरूले दोस्रो वर्षमा स्वर्गको निर्माण कार्यलाई अघि बढाउँदै गए ।

***स्रोत : तिब्बतका भू-दासहरू उठ्दा***



संरा अमेरिकाको डिलावर्सस्थित डोभर एयर फोर्स आधार शिविरमा मध्यपूर्वका देशहरूमा रहेका अमेरिकी सेनाका आधारमा इरानी मिसाइल हमलामा परी मारिएका अमेरिकी जलसेनाका सदस्यहरूको शव विमानबाट उतार्दै मार्च ९, २०२६ का दिन । एकैदिन ५० भन्दा बढी शव आएको हुनाले अमेरिकी सेनाको हटाहटी अझ बढी हुनसक्ने अनुमान गरिएको छ । *तस्बिर : एपी/क्याट रोर्के*

# इरान युद्धले ट्रम्पको छवि र 'रेटिङ' मा भारी गिरावट, गुमाउँदै समर्थक

काठमाडौं, १० मार्च । इरानविरुद्ध अमेरिका-इजरायलको सैन्य कारबाही दोस्रो सातामा प्रवेश गरेको छ । तर, इरान युद्ध अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका निम्ति महँगो साबित भइरहेको छ ।

अमेरिकी नागरिकमा देशव्यापी विरोध प्रदर्शन, आर्थिक चिन्ता र ट्रम्पको आफ्नै समर्थकमा बढ्दो दरारसहित व्यापक असन्तोष फैलिरहेको छ । जनमत सर्वेक्षण र स्थलगत रिपोर्टले ट्रम्पको इरान युद्ध नीतिप्रति जनताको भरोसा तीव्र गतिमा घटिरहेको देखाउँछ ।

आलोचकले ट्रम्प प्रशासनमाथि युद्धका कारण र लागतका बारेमा जनतालाई भ्रममा पारेको आरोप लगाएका छन् । फेब्रुअरी २८ मा सुरु यो सङ्घर्षलाई 'अपरेसन एपिक फ्युरी' नाम दिइएको छ । यसअन्तर्गत गरिएका संयुक्त हवाई हमलामा इरानका सर्वोच्च नेता आयतोल्लाह अली खामेनीको हत्या गरिएको छ ।

इरानका सैन्य ठेगानालाई निसाना बनाउँदै सत्ता परिवर्तन गर्ने उद्देश्य राखिएको थियो ।१० दिन बितिसक्दा पनि त्यो लक्ष्य पूरा हुन सकेको छैन । युद्धको १०औं दिनमा इरानले आफ्नो नयाँ सर्वोच्च नेता समेत चयन गरिसकेको छ ।

**ट्रम्पको 'अप्रुभल रेटिङ' मा भारी गिरावट**

अमेरिकामा हालै गरिएका सर्वेक्षणमा ट्रम्पको इरान युद्ध नीतिप्रति असन्तुष्टि प्रस्ट देखिएको छ । सीएनएन एसएसआरएस पोलका अनुसार, ५९ प्रतिशत अमेरिकी यी आक्रमणको विपक्षमा छन् । जबकि, कुल असन्तुष्टि -१८ अङ्कमा पुगेको छ ।

एनबीसी न्युज पोलमा ट्रम्पको कुल 'अप्रुभल रेटिङ' ४४ प्रतिशत छ भने ५४ प्रतिशत असन्तुष्टि रेकर्ड गरिएको छ । यो मुख्यतया युद्धसँग जोडिएको तथ्याङ्क हो ।

युद्ध सुरु भएयता ट्रम्पको रेटिङ ऐतिहासिक न्यूनस्तरमा पुगेको छ । विदेशी मामिलामा नअल्झने वाचा पूरा नभएकामा मतदाताहरू आक्रोशित छन् । विश्लेषकका अनुसार, यो एक ऐतिहासिक असामान्यता हो ।

**रिपब्लिकन पार्टीको आधार हल्लियो**

ट्रम्पको आफ्नै रिपब्लिकन आधारमा पनि दरार देखिन थालेको छ । यद्यपि, ७७ प्रतिशत रिपब्लिकन मतदाताले आक्रमणको समर्थन गरेका छन् । तर, 'मागा विद्रोह' को सुरुवाती सङ्केत देखिन थालेको छ । टकर कार्लसनजस्ता प्रभावशाली व्यक्तिहरूले यो युद्धलाई घृणित र खराब भनेका छन् ।

सामाजिक सञ्जाल एक्समा पूर्वसमर्थकले निराशा व्यक्त गरिरहेका छन् । एक प्रयोगकर्ताले लेखेका छन्, "ट्रम्प सधैं आफ्नै खुट्टामा बन्चरो हान्छन् ।"

अन्धाधुन्ध बमबारीले अमेरिका समर्थक इरानीलाई पनि टाढा बनाइदिएको छ । रिपोर्टका अनुसार, सन् २०२४ मा ट्रम्पका मुख्य मतदाता - जो पहिले नै अर्थतन्त्रलाई लिएर चिन्तित थिए, युद्धमा मात्र ध्यान केन्द्रित हुँदा उनीबाट टाढिँदै छन् ।

**गाडीबाट स्टिकर हटाउँदै ट्रम्प समर्थक**

ट्रम्पप्रतिको समर्थनका साङ्केतिक चिह्न हटाइँदै छ । एउटा भिडियोमा एक ट्रम्प समर्थकले आफ्नो गाडीबाट 'ट्रम्प २०२४' को स्टिकर हटाउँदै ग्यास (पेट्रोल) को बढ्दो मूल्यप्रति आक्रोश व्यक्त गरेका छन् । भिडियोमा ती व्यक्ति चिच्याउँछन्, "जब यी मानिसले हामीलाई सहयोग नै गर्दैनन् भने हामी कसरी अमेरिकालाई फिर्ता लिन सक्छौं ?" उक्त भिडियो सामाजिक सञ्जालमा व्यापक रूपमा सेयर गरिएको छ ।

'स्ट्रेट अफ हर्मुज' मा अवरोधका कारण ग्यासको मूल्य आकाशिएको छ । तेलको मूल्य प्रतिब्यारेल ११७ डलर नाघेको छ, जसले व्यापक आर्थिक सङ्कटको आशङ्का बढाएको छ ।

अमेरिकामा देशव्यापी विरोध प्रदर्शन चर्किएको छ । वासिङटन डीसी, न्युयोर्क, लस एन्जलस र स्याक्रामेन्टोजस्ता प्रमुख सहरमा हजारौं मानिस सडकमा उत्रिएका छन् ।

विभिन्न संस्थाद्वारा आयोजित प्रदर्शनमा 'जमिनमा कुनै बुट नहोस्, हावामा कुनै बम नहोस्, अमेरिका जतातैबाट बाहिर निस्कियोस्' जस्ता नारा लगाइएको छ । उनीहरूले युद्धलाई अवैध र बिनाउक्साहट गरिएको बताएका छन् ।

डीसीमा युद्धविरोधी र समर्थकबिच झडप समेत भएको छ । नर्स र सेवा कर्मचारी युनियनले यो युद्धलाई साम्राज्यवादी कार्य भन्दै निन्दा गरेका छन् ।

**महँगीको डरले मानिस चिन्तित**

आर्थिक डरले ट्रम्पविरोधी भावनालाई अझ तीव्र बनाइरहेको छ । महँगीको चिन्ता सबैभन्दा अगाडि छ । अन्तर्राष्ट्रिय मुद्रा कोषकी क्रिस्टालिना जर्जिएभाले तेलको मूल्यमा व्यापक वृद्धिले विश्वव्यापी मुद्रास्फीतिको जोखिम रहेको भन्दै नीति निर्मातालाई अकल्पनीय धक्काका निम्ति तयार रहन सल्लाह दिएकी छन् ।

अमेरिकी अर्थशास्त्रीको अनुमान के छ भने, यदि तेल १०० डलरमै टिकिरहे महँगी ३.७ प्रतिशतसम्म पुग्न सक्छ । स्थिर विकास तथा बढ्दो मूल्यको खतरा बढ्नेछ । लामो युद्धले जीडीपी वृद्धि ०.१-०.२ प्रतिशतसम्म घटाउन सक्छ ।

डेमोक्र्याटले यो युद्धलाई अधिकारविहीन र अन्तर्राष्ट्रिय कानुनविपरीत भनेका छन् । रिपब्लिकन धेरैजसो ट्रम्पको साथमै छन् । केहीले भने मध्यावधि चुनावअघि राजनीतिक जोखिम हुन सक्ने चेतावनी दिइरहेका छन् । ट्रम्पले बिनासर्त आत्मसमर्पणबाट युद्ध छिट्टै समाप्त हुने दाबी गरिरहेका छन् । तर, लक्ष्यमा भइरहेको परिवर्तन – परमाणु खतरादेखि सत्ता परिवर्तनसम्मले सर्वसाधारणमा सन्देह पैदा गरिदिएको छ ।

युद्धमा हताहत हुनेको सङ्ख्या बढ्दै जाँदा र अमेरिकी आक्रमणमा एउटा इरानी विद्यालयका १६८ बालबालिकाको मृत्यु भएको रिपोर्टसँगै विश्व बजार हल्लिरहेको छ । यसले युद्धको घरेलु क्षतिलाई बढाउँदै लगेको छ, जसले ट्रम्पको नेतृत्व क्षमता र राष्ट्रको दृढताको कडा परीक्षा लिइरहेको छ ।

*- एजेन्सीहरूको सहयोगमा*

# युद्ध आवश्यक परेसम्म जारी रहनेछ : इरान

तेहरान, १० मार्च (एएफपी) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको द्वन्द्व "चाँडै समाप्त हुने" दाबी गरे पनि तेहरानले भने लडाइँ आवश्यक परेसम्म जारी रहने सङ्केत दिएको छ । इरानका विदेशमन्त्री अब्बास अराघचीले मङ्गलबार यस्तो दाबीप्रति शङ्का व्यक्त गर्दै आफ्नो देश मिसाइल आक्रमण जारी राख्न तयार रहेको बताउनुभयो ।

तेहरानले अमेरिका-सहयोगी खाडी राष्ट्रहरूलाई लक्षित गरी नयाँ आक्रमण सुरु गरेको केही घण्टापछि ट्रम्पले द्वन्द्व छिट्टै अन्त्यतिर जाने दाबी गरेका थिए । तर, अराघचीले एक अन्तर्वार्तामा पिबिएस न्युजलाई "गोलीबारी जारी छ र हामी तयार छौं । आवश्यक परेसम्म हामी हाम्रो मिसाइल प्रयोग गर्दै आक्रमण जारी राख्नेछौं" भन्दै सङ्घर्ष लम्बिन सक्ने सङ्केत दिनुभयो ।

इरानको रिभोलुसनरी गार्ड्सले पनि ट्रम्पको टिप्पणीको जवाफ दिँदै युद्धको अन्त्य कसरी हुने भन्ने निर्णय आफूहरूले गर्ने चेतावनी दिएको छ । अराघचीले वासिङ्टनसँग वार्ता गर्ने सम्भावनालाई पनि अस्वीकार गर्नुभयो । उहाँका अनुसार अमेरिकासँग कुरा गर्ने अनुभव 'अत्यन्त कटु' भएको छ र अघिल्ला वार्ताका क्रममा भएको अमेरिकी आक्रमणले तेहरानलाई थप अविश्वासी बनाएको छ ।

उता ट्रम्पले सोमबार फ्लोरिडामा पत्रकार सम्मेलन गर्दै अभियान छोटो अवधिको हुने दाबी गरेका थिए । ट्रम्पको यस्तो टिप्पणीले विश्व बजारमा केही राहत ल्याएको देखिएको छ । अघिल्लो दिन बढेको तेलको मूल्य घटेर करिब पाँच प्रतिशतले झरेको छ भने टोकियो र सियोलका सेयर बजार पनि मजबुत रूपमा खुलेका छन् । एक दिनअघि अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य प्रतिब्यारेल १०० डलर नाघेको थियो ।

यद्यपि द्वन्द्वको प्रभाव भने अझै व्यापक छ । मङ्गलबार बिहान इरानी आक्रमणले पुन: खाडी राष्ट्रहरूलाई लक्षित गरेको बताइएको छ । संयुक्त अरब इमिरेट्सले इरानबाट आएको मिसाइल र ड्रोन आक्रमणको जवाफ दिइरहेको जनाएको छ भने बहराइनमा साइरन बजाएर नागरिकलाई सुरक्षित स्थानमा जान भनिएको थियो । साउदी अरब र कुवेतले पनि केही ड्रोन रोकेर नष्ट गरेको दाबी गरेका छन् ।

इरानभित्र पनि आक्रमण जारी रहेको रिपोर्ट आएको छ । स्थानीय सञ्चारमाध्यमले राजधानी तेहरान र खोमेइन क्षेत्रमा ताजा प्रहार भएको बताएका छन् । इजरायलले भने इरानबाट भएको मिसाइल प्रहारपछि इरानी मिसाइल प्रक्षेपण स्थलहरूमा आक्रमण गरेको जनाएको छ ।

चलिरहेको युद्धले विश्व अर्थतन्त्रमा पनि असर पारेको छ । इन्धन आपूर्ति अवरुद्ध हुने आशङ्का बढेको छ र मुद्रास्फीति बढ्ने चिन्ता देखिएको छ । मूल्य घटाउने प्रयासस्वरूप ट्रम्पले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँगको वार्तापछि तेलसम्बन्धी केही प्रतिबन्धहरू हटाउने घोषणा गर्नुभएको छ ।

यसैबिच इरानले होर्मुज जलडमरूमध्य हुँदै यात्रा गर्ने जहाजहरूलाई पनि लक्षित गरिरहेको छ । यो जलडमरूमध्यबाट विश्वको करिब २० प्रतिशत कच्चा तेल पारगमन हुन्छ । फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले भने आफ्नो देश र सहयोगी राष्ट्रहरूले द्वन्द्वको कठिन चरण समाप्त भएपछि जहाजहरूलाई सुरक्षित रूपमा आवतजावत गराउन जलडमरूमध्य पुन: खोल्ने 'रक्षात्मक' अभियानमा काम गरिरहेको बताउनुभएको छ ।

उता इरानको नेतृत्वमा पनि परिवर्तन आएको छ । अमेरिका-इजरायलको हमलामा अयातुल्ला अली खामेनी मारिएपछि उहाँका छोरा मोज्तावा खामेनी नयाँ सर्वोच्च नेताका रूपमा चयन हुनुभएको छ ।

द्वन्द्वले इरानबाहिर पनि प्रभाव पारेको छ । लेबनानमा इजरायलले मङ्गलबार नयाँ आक्रमण गरेको छ । लेबनानी अधिकारीहरूका अनुसार मार्च २ देखि इजरायली आक्रमणमा कम्तीमा ४८६ जनाको मृत्यु भएको छ भने एक हजार ३१३ भन्दा बढी घाइते भएका छन् ।

इरान समर्थित हिजबुल्लाहले इजरायलमाथि आक्रमण गरेपछि लेबनान पनि युद्धमा तानिएको हो । लेबनानका राष्ट्रपति जोसेफ आउनले हेजबुल्लाहले देशलाई 'ध्वस्त पार्ने' काम गरिरहेको आरोप लगाउनुभयो । तर, समूहका संसदीय नेताले प्रतिरोधबाहेक अरू विकल्प नभएको बताएका छन् ।

सरकारी तथ्याङ्कअनुसार इजरायली आक्रमण र स्थल कारबाहीका कारण लाखौं लेबनानी विस्थापित भएका छन् । करिब छ लाख ६० हजारभन्दा बढी मानिस विस्थापितका रूपमा दर्ता भएका छन् ।

मुस्लिमहरूको उपवास महिना रमजान चलिरहेका बेला युद्धले जनजीवन झन कठिन बनाएको छ । इरानका केही बासिन्दाले युद्धसँगै बढ्दो महँगी र आर्थिक समस्याले जीवन झन् कठिन भएको बताएका छन् ।

उत्तरपूर्वी सहर बौकानका ३६ वर्षीय क्याफे प्रबन्धक रेजाले मानिसहरू बम विस्फोट हेर्न छतमा चढ्ने गरेको देख्दा आफू अचम्मित भएको बताउनुभयो । तर, उहाँका अनुसार वास्तविक समस्या भने आर्थिक सङ्कट हो । "बैङ्कहरूले नगद दिन छाडेका छन् र धेरै कार्डहरू अवरुद्ध भएका छन्," उहाँले भन्नुभयो ।

यही कारण उहाँले आफ्नो क्याफेमा फरक निर्णय गर्नुभएको छ । "जसले कफीको पैसा तिर्न सक्दैन, उनीहरूका लागि कफी नि:शुल्क हुन्छ," उहाँले भन्नुभयो ।

# हाइटीमा ड्रोन हमलामा सर्वसाधारणको मृत्यु

न्युयोर्क, १० मार्च (एएफपी) । हाइटी सरकारले आपराधिक गिरोहविरुद्ध सञ्चालन गरेको ड्रोन आक्रमणका क्रममा सर्वसाधारण नागरिकसमेत मारिएको मानव अधिकारवादी संस्था ह्युमन राइट्स वाचले चेतावनी दिएको छ । संस्थाका अनुसार सुरक्षा कारबाहीका नाममा गरिएको 'ठूलो मात्रामा घातक' ड्रोन प्रयोगले बालबालिकासहित निर्दोष नागरिकलाई पनि गम्भीर जोखिममा पारेको छ ।

ह्युमन राइट्स वाचले मङ्गलबार सार्वजनिक गरेको विवरणअनुसार मार्च १, २०२५ देखि जनवरी २१, २०२६ सम्म सञ्चालन गरिएका १४१ वटा ड्रोन अपरेसनका क्रममा कम्तीमा एक हजार २४३ जनाको मृत्यु भएको छ । ती मृतकमध्ये कम्तीमा ४३ जना वयस्क आपराधिक गिरोहका सदस्य नभएको स्पष्ट देखिएको छ भने १७ जना बालबालिका पनि रहेका छन् ।

त्यसैगरी, यी आक्रमणहरूमा ७३८ जना घाइते भएका छन् । घाइतेमध्ये कम्तीमा ४९ जना आपराधिक समूहसँग सम्बन्धित नभएका व्यक्तिहरू रहेको उल्लेख गरिएको छ ।

हाइटीमा पछिल्ला वर्षहरूमा गिरोह हिंसा तीव्र रूपमा फैलिएको छ । संयुक्त राष्ट्रसङ्घका अनुसार आपराधिक गिरोहहरूले अहिले राजधानी पोर्ट-अ-प्रिन्सको करिब ९० प्रतिशत क्षेत्र आफ्नो नियन्त्रणमा लिएका छन् । सन् २०२५ मा मात्रै गिरोह हिंसासम्बन्धी घटनामा झन्डै छ हजार जनाको ज्यान गएको तथ्याङ्क संयुक्त राष्ट्रसङ्घले सार्वजनिक गरेको छ ।

क्यारिबियन क्षेत्रमा पर्ने हाइटी अमेरिकाको सबैभन्दा गरिब देश मानिन्छ । यहाँ वर्षौंदेखि हत्या, बलात्कार र अपहरणका घटनासहितको घातक गिरोह हिंसा व्यापक रूपमा फैलिएको छ ।

लगातारको हिंसाका कारण करिब १४ लाख मानिस अर्थात् कुल जनसङ्ख्याको करिब १० प्रतिशत विस्थापित भएका छन् । त्यसैगरी हाइटीका झन्डै आधा नागरिक अहिले गम्भीर खाद्य असुरक्षाबाट प्रभावित भएको अनुमान गरिएको छ । यसमा पाँच वर्षमुनिका करिब १२ लाख बालबालिका पनि समावेश छन् ।

ह्युमन राइट्स वाचका अमेरिकासम्बन्धी निर्देशक जुआनिता गोबर्टसले यी आक्रमणहरूले निर्दोष मानिसहरूलाई ठूलो क्षति पुर्‍याइरहेको बताउनुभयो । उहाँका अनुसार यी घातक ड्रोन अपरेसनहरूमा धेरै बालबालिकासहित दर्जनौं सर्वसाधारण नागरिक मारिएका र घाइते भएका छन् ।

उहाँले हाइटीका अधिकारीहरूलाई सुरक्षा बल र उनीहरूसँग काम गर्ने निजी ठेकेदारहरूको गतिविधिलाई तत्काल नियन्त्रणमा लिन आग्रह गर्नुभयो । "थप बालबालिकाको ज्यान जानुअघि हाइटीका अधिकारीहरूले आफ्नो सुरक्षा बल र निजी ठेकेदारहरूलाई तुरुन्तै नियन्त्रण गर्नुपर्छ," उहाँले भन्नुभयो ।

हाइटीमा रहेको संयुक्त राष्ट्रसङ्घको एकीकृत कार्यालयका अनुसार यी ड्रोन आक्रमणहरू प्रधानमन्त्री एलिक्स डिडियर फिल्स-एमेले गठन गर्नुभएको टास्क फोर्सद्वारा सञ्चालन गरिएको हो । उक्त टास्क फोर्सलाई निजी सैन्य कम्पनी भेक्टस ग्लोबलले परिचालन सहयोग उपलब्ध गराइरहेको बताइएको छ ।

ह्युमन राइट्स वाचका अनुसार हाइटीका लागि वासिङ्टनस्थित राजदूतले अमेरिकी विदेश मन्त्रालयले भेक्टस ग्लोबललाई हाइटीमा रक्षा सेवाहरू निर्यात गर्न अनुमति दिने इजाजतपत्र जारी गरेको पुष्टि गर्नुभएको छ ।

# नेमकिपाको अप्रत्याशित हारपछि मनमा उठेका केही जिज्ञासाहरू

✍ **हरिसुन्दर पोतामाहाँ**

यो चुनाव स्थानीय होइन, संसदीय हो। संसदीय चुनावमा जितेका व्यक्तिको जिम्मेवारी विकास निर्माणभन्दा नीति निर्माणमा केन्द्रित हुन्छ भन्नेमा सचेत छु।

१) एउटा अक्सिजनको लागि घर-घरमा कति समस्या हुन्छ भन्ने कुरा भोग्नेलाई मात्रै थाहा हुन्छ। के त्यस्तो अक्सिजन सित्तैमा दिएको परिणाम हो यो ? कोरोनाको समयमा अक्सिजनको अभावमा देशैभरिका आपत् परेको बेलामा अक्सिजन सित्तैमा दिएको कसरी बिर्सन सक्यौँ हामीले ?

२) घरघरमा नर्स पठाई प्राथमिक उपचार, नि:शुल्क ड्रेसिङको सुविधा के गलत थियो ? 'आमा सञ्चै हुनुहुन्छ ?' भन्दै ढोकासम्म आएर नाडी परीक्षण गर्न आउने ती हातहरू कसरी बिर्स्यौँ हामीले ? घर-घरमा आएर 'तपाईंको घाउ कस्तो छ ?' भनेर ड्रेसिङ गर्न आएको कसरी भुल्न सक्यौँ हामीले ?

३) सस्तोमा शिक्षा प्राप्त गरिरहेको कसरी बिर्स्यौँ हामीले ? 'गुणस्तरीय शिक्षा सस्तोमा त दियो तर अवसर दिएन' भनेर गुनासो गर्न हामी लालायित छौँ। तर, यसो भन्नुभन्दा सस्तोमा गुणस्तरीय शिक्षा दिएकोमा धन्यवाद दिँदै अवसरको सिर्जना हामी बनाउँछौँ भन्न सक्नु पौरख हो कि !

४) ख्वप हस्पिटलमा सुविधा दिएको परिणाम हो यो ? (अस्पतालका व्यावहारिक कमजोरी अवश्य होला, नन् मेडिकल पर्सनलाई पब्लिक रिलेसनसम्बन्धी तालिम दिनुपर्ने होला। तर, आफ्नो बुबाको उपचारको क्रममा २ वर्षसम्म उपत्यकाको सबैजसो हस्पिटल चहार्दा आफ्नो क्षमताअनुसार ख्वप हस्पिटल उत्कृष्ट छ भनेर भनिनँ भने मलाई अवश्य पाप लाग्छ। अन्य अस्पतालमा ओपीडी बिहान १० पछि मात्रै सुरू हुन्छ। ओपीडी देखाएर काममा जानसक्ने अवस्था अन्य अस्पतालमा छ र ?)

५) कला संस्कृति जगेर्ना गरेको तथा सांस्कृतिक सम्पदाहरू संरक्षण गरेकोको फल हो कि यो ? भूकम्पले बिगारेका हाम्रा पुर्खाका धरोहरहरू अरू राष्ट्रसामु हात नफैलाई ठाडो बनाउन सकेका कुरा हामीले कसरी चाँडै भुल्यौँ ? के हाम्रा पुर्खा तथा पुस्तालाई दिने उत्तर छ हामीसँग ? अन्य स्थानीय पालिकाको कामसँग तुलना गर्ने कि ! के आफ्नै खुट्टामा उभिएर पुर्खाको सम्पत्ति जोगाउनु अपराध हो ?

६) संसद्मा देश र जनताको पक्षमा निडर भएर एक जिउँदै सांसदको भूमिका निर्वाह गरेको परिणाम पो हो कि ?

७) ख्वप विश्वविद्यालय स्थापना गरेर १५ लाखमा डक्टर बनाउने अवधारणा नै अपराध पो बन्न पुग्यो कि ? भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउने योजनामा हाम्रो चित्त बुझेन कि ?

८) भ्रष्टाचारका विभिन्न काण्डहरूको विरोध गरेको हामीलाई चित्त बुझेन कि ? वा भनौँ भ्रष्टाचार गरेर भए पनि यहाँ डलर झर्ने वातावरण नबन्नुमा चित्त नबुझाइ पो हो कि ?

९) केही समय अगाडिसम्म देशकै फोहर भक्तपुरलाई नेपालकै नमुना नगर बनाएर हाम्रो शिर ठाडो बनाई फोहरबाट मोहर बनाइनुमा हाम्रो चित्त बुझेन कि ?

१०) एक पुस्ता अगाडिसम्म एकदमै कमजोर अवस्थाका हामी यहाँका किसानहरूलाई उन्नतिको बाटो कोर्नु नै अपराध पो भयो कि ? पद र अवसरको लोभ छोडेर आफ्ना आमाबुबाको अनुहारलाई आफ्नो मन र मुटुमा राखेर एक पटक मनन गरौँ ? विगतको भक्तपुरबाट वर्तमान भक्तपुर बनाउन उहाँहरूले गर्नुभएको योगदानलाई अपमान होइन, सम्मान गरौँ। हामी हेपिएका ज्यापुबाट सम्मानित किसान बनाइयो, भूमिहीनबाट भूमिपति बनाइयो, समयअनुसार शिक्षाको अवसर दिएर शिक्षित र सभ्य नागरिक बनाइए, के यसभन्दा माथि उठ्न सक्दैनौँ ? गुणको बदला अवगुण तिर्नुजस्तो महापाप त के होला खै ? परिवर्तनको नाममा टुप्पोबाट धान रोप्ने त होइन होला नि। भोलि हामी पनि पाको उमेरको अवश्य बन्नेछौँ। *(उम्रन्न बोट कसैले बीउ छरेर नगए। हुँदैन बिहान दुई-चार तारा झरेर नगए।)*

हुन त नगरपालिकाका केही कर्मचारीहरू, जनप्रतिनिधिहरूको मानवीय कमजोरी पनि नहोलान् भन्न सकिन्न, जनजाति भएकोले चिप्लो घसेर बोल्न पनि आएन होला, तर यसरी कृतघ्नता प्रकट गर्नुपर्ने कारण त मैले देखिनँ।

आफ्नो कामलाई सहज बनाउन एआईको सहयोग लिने जमानाका हामी, कतै एआई तथा फेसबुकबाट 'डाइरेक्टेड' त भएनौँ ? हरेक कुरामा नेगेटिभ मात्रै आइरहेको समयमा के राम्रा कुराहरू हाम्रो मनले देखेनन् ?

महान् वैज्ञानिक स्टिफन हकिङले एआईको प्रयोगमा सावधानी अपनाउन निकै सचेत तुल्याएका थिए। कतै हामी पनि आफ्नो धरातललाई बिर्सेर फेसबुकको लागि साधन त बन्न पुगेनौँ ? के हामी अब फेसबुक/एआईले जति देखायो त्यतिमात्र देख्न सक्ने, जति बुझायो त्यतिमात्रै बुझ्न सक्ने र जे अह्रायो त्यतिमात्रै गर्न सक्ने अवस्थामा पुगेका हौँ त ? हामी अरूको लहलहैमा लागेर आफैले सही-गलत छुट्याउन नसक्ने भएका हौ त ? नत्र असल काम गरिरहेको प्रत्यक्ष देख्दादेख्दै सफेद गफलाई नै सही मान्ने काम हामीबाट कसरी हुनपुग्यो ? कि हामी सधैँ अरूबाट नै शासित हुनुपर्ने मनोभावना विकास भएको हो ? आफ्नै खुट्टामा बञ्चरो हानेर कसको जितमा खुसीयाली मनाउँदै छौँ हामी ? अनि को हारेको खिसिटिउरी गर्दै छौँ ?

*(कि महाभारतमा वर्णन गरिएअनुसार त्यसबेलाको बाँकी घटनाको लागि दैवबाटै पूर्वनिर्धारित योजनाको एक अंश मात्रै हो यो ?)*

यी कुराहरू मेरो मनमा उब्जेका भावनाहरू मात्रै हुन्, अन्तिम सत्य नहुन सक्छ। तर, सत्यको नजिक छ भन्नेमा म विश्वस्त छु। साथै हामी विवेकशील प्राणी भएकोले कमसेकम अब त विवेक पुग्ने छ भन्नेमा पनि आशावादी छु।

# जलवायु परिवर्तनले बढ्दै छ अन्तरदेशीय बसाइँसराइ

✍ **क्रिस्टियानो डिओर्सी**

हाम्रो पृथ्वीको तापक्रम तातेसँगै हामीले प्राय: चरम मौसमी घटना अनुभव गरेका छौँ। यी घटनामा लामो खडेरी, समुद्री सतहमा वृद्धि, रोगव्याधिको प्रकोप र परिवर्तित जैविक प्रणालीको अनुभव इत्यादि। यी परिवर्तनले अन्नबालीमा विनाश गर्नुको साथै पानीको स्रोत सुकाउँदा मानिसको जीविकामा प्रत्यक्ष प्रभाव पारेको छ। यस्तो परिवर्तनले एक पटक बसोवास गर्नयोग्य क्षेत्रलाई बस्न अयोग्य बनाएको छ।

यी चुनौतीको समाधानमा धेरै व्यक्ति र समुदायसँग आफ्नो घर छोडेर अन्यत्र सुरक्षा खोज्नुको विकल्प छैन। विशाल बहुसङ्ख्यक मानिस आफ्ना देशका सिमानाभित्र रहने छैनन्। सन् २०५० सम्म आठ करोड ६० लाख अफ्रिकीहरू मौसमी विपत्का कारण अन्य देशहरूमा बसाइँ सर्ने अनुमान गरिएको छ। त्यस्तै, अन्तर्राष्ट्रिय सुरक्षाको आवश्यकता मनन गर्दै केहीले सिमाना पार गर्नेछन्। र, यसको असर जनसङ्ख्यामा पनि पर्नेछ।

तर, चुनौती यो हो कि मौसमका कारण सिमाना पार गर्ने मानिस मुख्य कानुन र सम्झौताअन्तर्गत शरणार्थीका रूपमा दर्ज हुँदैनन्। यो विस्थापन ज्वालामुखी विस्फोट वा बाढीजस्ता अचानक हुने घटनाका कारण हुन सक्छ, जसले जीवनलाई तत्काल खतरा निम्त्याउन सक्छ। अथवा यो विस्थापन मरुभूमीकरण वा बढ्दो समुद्री तहमा घटबढ हुने घटनाका कारण हुन सक्छ, जसले अन्तत: जीवनलाई दिगो बनाउन सक्छ।

यो एक जटिल विषय भएकाले कति मानिसलाई यसले असर गर्छ भन्न कठिन छ। यद्यपि, हामीलाई थाहा छ कि सीमापार बसाइँले प्रत्येक वर्ष हजारौँ मानिसलाई असर गर्छ। उदाहरणका लागि सन् २०२२ मा खडेरी, राजनीतिक असुरक्षा र बढ्दो अस्थिरताले सोमालिया र दक्षिण सुडानबाट कम्तीमा एक लाख ८० हजार शरणार्थीलाई केन्या र इथियोपियाका भागमा जान बाध्य पार्‍यो।

मौसम परिवर्तन वा प्रकोपका कारण विस्थापित व्यक्तिको सङ्ख्या २०५० सम्ममा १२ लाखसम्म पुग्ने अनुमान गरिएको छ। यो तथ्याङ्क जलवायु परिवर्तन कसरी हुन्छ भन्नेमा पनि निर्भर रहन्छ। शरणार्थीको दर्जाविना मौसमी घटनाका कारण सिमाना पार गर्न बाध्य भएकाहरूले महत्त्वपूर्ण सहयोग प्राप्त गर्न सक्दैनन्।

निश्चित देशमा निर्भर हुँदै बाँच्न र काम गर्न पाउने अधिकार, स्वास्थ्य वा शिक्षा सेवामा पहुँच र स्वतन्त्र रूपमा आवतजावत गर्ने अधिकार उनीहरूलाई दिइने सहयोगमा समावेश हुन सक्छ।

म अफ्रिकामा शरण खोज्ने व्यक्ति, शरणार्थी, आप्रवासी र आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूको कानुनी सुरक्षाको अध्ययन गर्छु। स्पष्ट रूपमा



मौसमको झट्काले सीमा पार गर्न बाध्य भएका मानिसहरूलाई प्रस्ट रूपमा समावेश गर्न अन्तर्राष्ट्रिय कानुन र महासन्धिलाई परिमार्जन गरियोस् भन्ने म सुझाब दिन्छु। उनीहरूलाई पूर्णशरणार्थी संरक्षण चाहिन्छ। विभिन्न कानुनले शरणार्थीको आधारभूत मानव अधिकारको सुरक्षा सुनिश्चित गर्छ। 'शरणार्थी कानुन'को मूललाई सन् १९५१ को जेनेभा शरणार्थीसम्बन्धी महासन्धि (संयुक्त राष्ट्र बहुपक्षीय-सन्धि जसले शरणार्थी को हो भन्ने बारेमा परिभाषित गर्दछ) र यसको १९६७ न्युयोर्क प्रोटोकलद्वारा स्थापित गरिएको छ। अफ्रिकाका शरणार्थीलाई सन् १९६९ को अफ्रिकी एकता सङ्गठन (ओएयू) सम्मेलनद्वारा पनि सुरक्षित गरिएको छ।

यी कानुनले तिनीहरूलाई सुरक्षित आश्रय, निष्पक्ष शरण प्रक्रियामा पहुँच र भेदभावबाट सुरक्षा प्रदान गर्दछ।

धेरै अफ्रिकी देशका घरेलु कानुनले यी अन्तर्राष्ट्रिय सिद्धान्तलाई पालन गर्ने प्रयास गरेका छन्। उनीहरूलाई सुरक्षा खोज्न र उनीहरूको जीवन पुनर्निर्माण गर्न मद्दत गर्दै यसले शरणार्थीलाई कानुनी सुरक्षा र समर्थन प्रदान गर्दछ।

मैले भर्खरैको अध्ययनमा उल्लेख गरेझैँ शरणार्थी महासन्धिमा चुनौती भनेको 'अकाल वा प्राकृतिक प्रकोपको सिकार' भएका मानिसलाई 'दुर्व्यवहारको स्थायी डर' नभएसम्म उनीहरूलाई निषेध गर्ने हो। उदाहरणका लागि सन् १९८३ देखि १९८५ को बिचमा खडेरीका कारण इथियोपियाबाट भागेका मानिसहरूलाई शरणार्थी मानिनेछ किनभने तिनीहरू पनि मेन्गिस्टु हेले मरियमको नेतृत्वमा रहेको सैन्य तानाशाही शासन (डर्ग) को दमनबाट पनि डराए, जसले जानाजानी देशका केही भागमा खाद्य आपूर्तिमा प्रतिबन्ध लगाएका थिए। शरणार्थीलाई सहयोग र संरक्षण गर्न अख्तियार दिइएको संयुक्त राष्ट्रसङ्घीय एजेन्सी शरणार्थीका लागि संयुक्त राष्ट्र सङ्घीय उच्चायुक्त (युएनएचसिआर) ले शरणार्थी महासन्धिद्वारा प्रदान गरिएको परिभाषा अवलोकन गर्छ, जसरी अन्तर्राष्ट्रिय संस्थाहरू र अन्य सरोकारवालाका लागि संयुक्त राष्ट्रद्वारा सञ्चालित ब्लु प्रिन्ट ग्लोबल कम्प्याक्ट अन रिफ्युजीले अनुगमन गर्छ।



यसको अर्थ वातावरणीय विपत्बाट मात्र जबर्जस्ती विस्थापित भएका मानिसहरू शरणार्थीको दर्जाका लागि योग्य छैनन्, यद्यपि उनीहरू अस्थायी संरक्षणका लागि भने योग्य छन्। अफ्रिकाभित्र शरणार्थीको परिभाषामा सन् १९६९ को अफ्रिकी एकता (ओएक्यु) का लागि शरणार्थी सम्मेलनले प्राकृतिक विपत्बाट विस्थापितलाई वास्तबमै समावेश गरियो वा गरिएन भन्ने बारेमा बहस छ। केही अभ्यासकर्ताहरूले यसलाई समावेश गरिएको बताउँछन्, यद्यपि, यो अडान मानिसले सिर्जित विपत्मा सीमित छ।

जब घरेलु कानुको सवाल आउँछ, अहिलेसम्म प्राकृतिक विपत्तिबाट भागेका मानिसहरूलाई 'शरणार्थी' को मान्यता दिने कुनै अफ्रिकी देश छैन। तर, त्यहाँ केही कदम चालिएका छन्। वातावरणीय विपत्का कारण आफ्नो स्थानबाट भाग्ने मानिसहरूलाई अन्तर्राष्ट्रिय सङ्गठनहरूले बढ्दो रूपमा मान्यता दिएका छन्। उदाहरणका लागि युएनएचसिआरले उनीहरूलाई सुरक्षित गरिनुपर्ने कमजोर वर्गको रूपमा मान्यता दिन्छ। यसले विस्थापनको चालकको रूपमा जलवायु परिवर्तन र प्रकोपको सन्दर्भमा विस्थापित व्यक्तिहरूका लागि संरक्षणलाई सम्बोधन गर्न आवश्यक पर्ने चेतना जगाएको छ। युएनएचसिआरले सीमापार प्रकोप-विस्थापनसँग सम्बन्धित कानुनी खाडललाई सम्बोधन गर्ने काम पनि गरिरहेको छ। तर, अझै धेरै गर्न बाँकी छ।

प्रतिकूल मौसमी घटनाक्रमबाट विस्थापित भएका मानिसहरूलाई बढी सुरक्षा प्रदान गरिनुपर्छ। यसका लागि अन्तर्राष्ट्रिय नियम र राष्ट्रिय कानुमा परिवर्तन आवश्यक हुनेछ। उदाहरणका लागि जलवायु-प्रेरित विस्थापनसम्बन्धी प्रोटोकल १९६९ ओएक्यू महासन्धिमा थपिनुपर्छ ताकि अन्तर्राष्ट्रिय सिमाना पार गर्ने विस्थापित मानिसहरूलाई कानुनी रूपमा समेट्न सकिन्छ।

*(कन्भर्सेसनका लागि क्रिस्टियानो डिओर्सीको आलेख। डिओर्सी वरिष्ठ अनुसन्धानकर्ता हुन्।)*

## हार्दिक समवेदना



जन्म : २००७।०६।११
निधन : २०८२।११।२४

यस संस्थाका सदस्य **बिकुलाल लुबन्जार**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**समदर्शी बचत तथा ऋण सहकारी संस्था लि.**
महेश्वरीस्थान-८, भक्तपुर

## हार्दिक समवेदना



जन्म
२०३५/१०/०७

निधन
२०८२/११/१५

हाम्रो मिलनसार मित्र सुवर्णलाल शिल्पकारकी जीवनसङ्गिनी **मीना शिल्पकार**को असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**ख्वप युवा समूहका साथीहरू**

| | |
|---|---|
| लक्ष्मीसुन्दर कर्माचार्य | कृष्णलक्ष्मी कर्माचार्य |
| लक्ष्मीप्रसाद झाङ्ग | बिजया झाङ्ग |
| रामकाजी शिल्पकार | सबिना शिल्पकार |
| बिराज फोजु | राममाया बखुन्छे (फोजु) |
| सत्यनारायण कासुला | बिन्द्रा कासुला |
| विष्णुप्रसाद कासुला | प्रेमशोभा कासुला |
| बुद्धराम शिल्पकार | न्हुछेलक्ष्मी कोजु |
| श्रीराम धुसुजु | सूर्यमाया श्रेष्ठ |
| यमन साँद | चण्डेश्वरी साँद |

## हार्दिक समवेदना



जन्म
२०३५।१०।०७

निधन
२०८२।११।१५

यस समूहका सदस्य सुवर्ण शिल्पकारकी जीवनसङ्गिनी **मीना शिल्पकार**को असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुका साथै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**जगाती गणेश समूह**
जगाती-८, भक्तपुर

## प्रजातन्त्रका आधारभूत पक्ष

- ❖संवैधानिक सर्वोच्चता।
- ❖बहुलवादको सम्मान।
- ❖विधिको शासन।
- ❖शक्ति पृथकीकरण।
- ❖आवधिक निर्वाचन।
- ❖मौलिक हक।
- ❖मानव अधिकार।
- ❖प्रेस तथा वाक स्वतन्त्रता।
- ❖सामाजिक न्याय तथा समावेशीकरण।
- ❖आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास लगायतका पक्षहरु।

नेपाल सरकार
विज्ञापन बोर्ड

# कुनै पनि डर, त्रास र धम्कीमा न्याय सम्पादन हुन नसक्ने

काठमाडौँ, २६ फागुन । सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्लले कुनै पनि डर, त्रास र धम्कीबाट न्याय सम्पादन हुन नसक्ने बताउनुभएको छ ।

सर्वोच्च अदालतले आज अन्तर्राष्ट्रिय महिला दिवस तथा न्यायाधीश महिला दिवसको अवसरमा आयोजना गरेको कार्यक्रममा वरिष्ठतम् न्यायाधीश मल्लले न्याय सम्पादन डर र त्रासमा हुन नसक्ने बताउनुभएको हो ।

उहाँले भन्नुभयो, "सुशासन वास्तवमा न्यायालयको आत्मा हो, संवैधानिक लोकतन्त्रको अभ्यास गर्ने निकाय हो, संविधानले सरकारको सीमाको पनि निर्धारण गर्छ, सुशासन स्थापना गर्न न्यायिक स्वतन्त्रता, निष्पक्षता र निडरताबाट मात्र सम्भव छ ।"

उहाँले संविधानले नै स्वतन्त्र न्यायपालिकाको परिकल्पना गरेको हुनाले न्यायिक स्वतन्त्रता कुनै पनि हालतमा सम्झौता हुन नसक्ने उल्लेख गर्दै थप्नुभयो, "कुनै भीडबाट धम्क्याएर न्याय दिन सकिँदैन ।"

सर्वोच्च अदालतका न्यायाधीश सारङ्गा सुवेदीले अहिले पनि पाइला-पाइलामा क्षमताको परीक्षा दिनुपर्ने अवस्था भएकाले महिलाले एकअर्काको क्षमतामा विश्वास गर्दै परिणाममुखी तरिकाले काम गर्नुपर्नेमा जोड दिनुभयो ।

महान्यायाधिवक्ता सविता भण्डारी बरालले महिलाले नेतृत्व क्षमता बढाएर न्यायको क्षेत्रमा न्याय, समानता, सहभागिता र समावेशीताको क्षेत्रमा काम गर्नुपर्ने बताउनुभयो ।

नेपाल बार एसोसिएनका उपाध्यक्ष सरस्वती श्रेष्ठले महिला सशक्तीकरण, सहभागिता अझै धेरै आवश्यता भएको र महिलाले गर्न सक्छन भन्ने धेरै पुष्टि हुँदै आएको धारणा राख्नुभयो ।

***जनताको...***

डिजिटल शिक्षा आदि क्षेत्रहरूको सहकार्यलाई सबल पार्ने अपेक्षा व्यक्त गर्नुभयो ।

अधिकांश अन्तर्राष्ट्रिय व्यक्तित्वहरूले नयाँ गुणस्तरीय उत्पादन शक्तिको विकास गर्ने, सँगसँगै विकास उपलब्धिको उपभोग गर्ने र वैदेशिक खुलापनको विस्तार गर्ने क्षेत्रमा चीनले अपनाएका कदमहरूको सकारात्मक मूल्याङ्कन गरेका छन् । चीनले विश्व अर्थतन्त्रका लागि सिर्जनशील जीवन्त शक्ति थप्ने र अझ बढी अवसरको सिर्जना गर्ने सन्दर्भमा उनीहरूले विश्वास व्यक्त गरेका छन् ।

बोस्निया हर्जगोभिना चीन मैत्री सङ्घका अध्यक्ष बोरिचका अनुसार, चीनको आर्थिक परिमाण निकै विशाल छ । दुई अधिवेशन अवधिमा सार्वजनिक गरिएको नीतिले चीनको भविष्यको निर्णय गर्ने मात्र नभई पूरै विश्वका लागि महत्त्वपूर्ण प्रभाव पार्नेछ ।

क्युवा अन्तर्राष्ट्रिय राजनीतिक अनुसन्धान केन्द्रमा अध्ययनरत विद्वान लेगाराडोले चीनले एकातिर आफ्नो हितको संरक्षण गर्नुका साथै अर्कातिर एउटा अझ प्रजातान्त्रिक र निष्पक्ष विश्वको स्थापना गर्न प्रयास गर्नसक्नेछ भन्नुभयो ।

सर्विया बेलग्रेड विश्वविद्यालयअन्तर्गत अर्थतन्त्र प्रतिष्ठानका प्राध्यापक मियुस्कोभेजका अनुसार, चालु वर्षका दुई अधिवेशन झनै महत्त्वपूर्ण रहेको छ ।

## भावपूर्ण श्रद्धाञ्जली



जन्म
२००७/०६/११

स्वर्गारोहण
२०८२/११/२४

**बिकुलाल लुबन्जार**

हाम्रा प्रातःस्मरणीय **बिकुलाल लुबन्जार**को दुःखद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछौं ।

**दिदी**
सुन्दरी बासी

**श्रीमती**
मोहनबेटी लुबन्जार

**छोरा/बुहारी**
भरत/किसनदेवी लुबन्जार
लक्ष्मीनारायण/सरिता लुबन्जार
रामसुन्दर/मैयाँ लुबन्जार
श्यामसुन्दर/राधिका लुबन्जार

**छोरी/ज्वाइँ**
मोहनकेशरी/कृष्णराम सुवाल
नारायणदेवी/विश्वराम कोजु
स्व.नारांलक्ष्मी लाखा
शोभामैयाँ/राजेन्द्र कोजु

**नाति/नातिनी**

| | |
|---|---|
| बिनिश लुबन्जार | सन्दिप सुवाल |
| राजिब लुबन्जार | क्यारोल सुवाल |
| मनिषा लुबन्जार | मुस्कान सुवाल |
| सुमित्रा लुबन्जार | अर्पणा कोजु |
| सुजिका लुबन्जार | अर्चना कोजु |
| युनिशा लुबन्जार | सुवा कोजु |
| रुबिशा लुबन्जार | सम्ब्रिना कोजु |
| | श्रीसन लाखा |

**नाति/बुहारी**
प्रज्वल/रीतु लुबन्जार
आशिष/समि कोजु

**नातिनी/ज्वाइँ**
बिनिता/राजन तुल्सीबाख्यो

*दिवङ्गत आत्माको सदगति प्राप्त होस्*

## हार्दिक समवेदना



जन्म
२००७।०६।११

निधन
२०८२।११।२४

यस श्री गणेशाय नमः बचत समूहका सदस्य श्यामसुन्दर लुबन्जारका पूजनीय पिता **बिकुलाल लुबन्जार**को असामयिक निधन भएको आज चौथो दिन (लक्च)को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**श्री गणेशाय नमः बचत समूह**

## हार्दिक समवेदना



जन्म
२००७।०४।२७

स्वर्गारोहण
२०८२।११।१६

हाम्रा आत्मीय मित्र बिमल राजचलका पूजनीय पिता **विष्णुभक्त राजचल**को असामयिक निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

| | | |
|---|---|---|
| डा. रविभूषण सुवाल | नारायणप्रसाद ह्यौंमिखा | सीताराम अवाल |
| डा. विक्रम बासुकला | रोशन लवजु | उत्तम प्रजापति |
| डा.दिवंगर खोटेजा | अजेन्द्रकुमार लघु | जयराम लवजु |
| ई.कृष्णभक्त दुवाल | निर्जन दुवाल | रमेश कुसी |
| ई.सञ्जयकुमार कवां | राजेश साँद | राजाराम लवजु |
| ई.उलाष आशिष कोजु | कृष्णप्रसाद दुवाल | रमेश लवजु |
| ई.प्रकाश खार्डजु | मोहनप्रसाद कोजु | राजन लवजु |
| ई.शिवराम तुर्डतुई | रामकृष्ण छुस्याबाग | श्याम लाखेमरू |
| बालकृष्ण साँद | न्हुछेराम अवाल | दशराम त्वानावासु |
| कृष्णराम दुवाल | जनकप्रसाद न्याईच्याई | रामकृष्ण दुवाल |

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा